# अटिजम भएका बालबालिकाहरूको सिकाइ प्रक्रिया

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, विशेष आवश्यकता शिक्षा
स्नातकोत्तर तह (एम.एड.) चौथो सेमेष्टरको आंशिक
आवश्यकता पूरा गर्नको लागितयार पारिएको

## शोधपत्र

शोधकर्ता
बकस राई
क्याम्पस क्रमाङ्क - ४३०/०७४
परीक्षाक्रमाङ्क- ७४२८३९८/०७४
त्रि.वि. दर्ता नं.- ९-२-०२२४-०११८-२०१३

विशेष आवश्यकता शिक्षा विभाग
शिक्षाशास्त्र केन्द्रीय विभाग
कीर्तिपुर काठमाडौं,
२०७९

# प्रतिज्ञापत्र

यो शोधपत्र मेरो ज्ञानमा आधारित रहेर सर्वप्रथम प्राथमिक सुचना तथा तथ्याङ्कको आधारमा सम्पन्न गरेको घोषणा गर्नको साथै कुनैपनि विश्वविद्यालयको शैक्षिक प्रमाण पत्रप्रयोजनार्थ प्रस्तुत गरिएको छैन भनि घोषणा गर्दछु । यो अध्ययन प्रतिवेदन मेरो आफ्नै अनुसन्धान कार्यको परिणाम हो । केही सन्दर्भ सूचिकृत विषयहरु बाहेक यसमा प्रस्तुत विषय मेरा मौलिक हुन । मैले कुनै पनि विगतमा पुरा भै बुझाएको शोधपत्रबाट जस्ताको त्यस्तै अनुकरण वानक्कल गरेको छैन ।

बकस राई

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, विशेष आवश्यकता शिक्षा स्नातकोत्तर तह (एम.एड.) का छात्र बकस राइले **अटिजम भएका बालबालिकाहरुको सिकाइ प्रक्रिया** शीर्षकमा तयार पारेको हो । यस शोधकार्यप्रति म सन्तुष्ट छु । यस कार्यलाई अन्तिम मूल्याङ्कनका लागि शोधपत्र मूल्याङ्कन समितिमा सिफारिस गर्दछु ।

मितिः-23 November, 2022

२०७९-०८-०७

...........................

सह-प्रा.गणेश प्रसाद खनाल

शोध निर्देशक

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, विशेष आवश्यकता शिक्षा विभाग स्नातकोत्तर तह (एम.एड.)का छात्र बकस राईले **अटिजम भएका बालबालिकाहरुको सिकाई प्रक्रिया** शीर्षकमा तयार पारेको शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृति गरिएको छ ।

### शोधपत्र मूल्याङ्कन समिति

१.डा. नमराज न्यौपाने ............................
(विभागीय प्रमुख)

२. सह-प्रा. गणेश प्रसाद खनाल ............................
(शोधनिर्देशक)

३. सह प्रा.डा. रविन्द्र शिवाकोटी ............................
(बाह्य परीक्षक)

मितिः-09 December, 2022
२०७९-०८-२३

## कृतज्ञताज्ञापन

यस शोधपत्र तयार पार्ने क्रममा मलाई आवश्यक सहयोग सल्लाह, सुझाव र मार्गनिर्देशन प्रदान गर्नुहुने सुपरिवेक्षक आदारणीय गुरु सह प्रा गणेश खनालप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । साथै विभागिय कार्यका लागि सहयोग पुऱ्याउनु हुने विशेष आवश्यकता शिक्षा विभाग विश्वविद्यालय क्याम्पस कीर्तिपुरका विभागिय प्रमुख डा. नवराज न्यौपाने प्रति कृतज्ञता ज्ञापन गर्दछु । तथ्याङ्क सङ्कलन गर्ने क्रममा विभिन्न सुचना जानकारी र तथ्याङ्क उपलब्ध गराई सहयोग गर्ने काठमाडौँ जिल्लाको पुरानो सिनामङ्गल (पेप्सीकोला) अन्तर्गत यस अध्ययनको छनोटमा परेका विद्यालयका शिक्षक प्र.अ., वि.व्य.स. र अभिभावकहरुलाई धन्यवाद ज्ञापन गर्दछु ।

मलाई पढाई प्रति सधै सजक र सचेत गराउदै यस तहसम्म जीवनका हरेक पाईलामा सदा उत्साह, प्रेरणा र सहयोग गर्नुहुने मेरा आदरणीय बुबा, आमा, दाजु, दिदी तथा सम्पूर्ण आफन्तप्रति सदैव ऋणि छु ।

यो शोधपत्र लेखनमा आवश्यक तथ्याङ्क उपलब्ध गराउने सरकारी निकाय, स्थानीय निकाय, विभिन्न संघसस्था तथा अध्ययन क्षेत्रका विद्यालयका सम्पूर्ण विद्यार्थी र शिक्षकलाई धन्यवाद दिन चाहान्छु । त्यसैगरी कम्प्युटर टाइप गरी विशेष सहयोग पुऱ्याउनु हुने श्री रमेश महर्जनलाई विशेष धन्यवाद दिन चाहान्छु । यो शोधपत्रमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने सम्पूर्ण शुभचिन्तकहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

बकस राई

# शोधसार

*प्रस्तुत शोधको शीर्षक काठमाडौं जिल्लाका पुरानो सिनामङ्गलमा रहेका SSDRC मा* ***अटिजम भएका बालबालिकाहरुको सिकाइ प्रक्रिया*** *रहेको छ । यस अधययनको मुख्य उद्देश्य अटिजम भएका बालबालिकाको सिकाइ अवस्था पत्ता लगाउनु र बालबालिकाहरुको हेरचाह गर्ने उपायहरुको खोजी गर्नु रहेको छ ।*

*यस अध्ययनकार्य पूरा गर्न गुणात्मक र परिमाणात्मक दुवै अनुसन्धानात्मक ढाँचा अपनाइएको छ । नमुना छनोट प्रक्रियाका लागि अटिजम विद्यालय तथा पुनस्थापना केन्द्रमा रहेको विद्यालय व्यवस्थापन समिति, अभिभावक, प्रधानाध्यापक, शिक्षकलाई छनोट विधिको आधारमा अध्ययनको जनसंख्याको रुपमा छनोट गरी अध्ययन अनुसन्धान गरिएको छ । यस शोध अध्ययनको क्रममा प्राथमिक तथा द्वितीय गरी तथ्यांकका दुईवटा स्रोतलाई अवलम्बन गरिएको छ । यस शोधपत्रका लागि अध्ययनको साधनहरुको रुपमा अन्तर्वार्ता प्रश्नावलीर छलफल तथा अवलोकन प्रयोग गरिएको छ । यस शोधपत्र तयार गर्ने  क्रममा प्राथमिक सूचना संकलनका लागि विद्यालयका प्रधानाध्यापक, शिक्षक, अभिभावकसँग प्रत्यक्ष भेट गरी तथ्यांक संकलन गरिएको छ । द्वितीय स्रोतका लागि लेख, रचनाहरु, पत्रपत्रिका, अनलाईनलाई आधारलिई तथ्यांक संकलन गरिएको थियो । यस अध्ययनकुन उद्देश्य प्राप्तिका लागि अध्ययन गरिएको थियो,अध्ययनको प्राप्ति कस्तो रह्यो, तथ्यांकका स्रोतबाट नतिजाहरु सहि रुपमा आउन सके वा सकेन भन्ने कुराको विशेष अध्ययनगरिएको छ ।*

*यस अध्ययनकाक्रममाशतप्रतिशत अटिजम भएको होभनीहस्पिटलबाट अटिजम जाँच गरी विद्यालयमाभर्ना गराएको पाइयो । यस विद्यालयमाहालवीसजनाविद्यार्थी राखेर अध्ययनतथा हेरचाहभईरहेको पाइयो । अटिजम बच्चाले सामना गरेका कठिनाईमा एक ठाउँमा बस्न नसक्ने, हिडिरहने आवाजहरु मन नपराउने रिसाउने समानहरु छर्ने, हल्लीरहने आदि समस्याभोग्दै आइरहेको पाइयो । यस्ता अटिजम भएकाबालबालिकालाई सिकाई वाव्यवहार सुधार गराउदा सामग्रीहरु धेरै बनाउनुपर्ने, केयर धेरै गर्नुपर्ने, शिक्षकको सङ्ख्या धेरै चाहिने भन्ने कुरा थाहापाइयो । अटिजम*

बालबालिकाहरुलाई हेरचाहगर्दा आइपरेका समस्याहरुमाचुनौतीपूर्ण व्यवहार नियन्त्रण गर्ने, तलबव्यवस्थापन गर्ने, शैक्षिक सामग्री बढी उपलब्ध गराउनु पर्ने रहेको पाइयो । अटिजम विद्यालयले दिएको सेवाबाट ९० प्रतिशतअभिभावक सन्तुष्टी रहेको पाइयो । अटिजम बच्चाको लागिशिक्षक, वि.व्य.स. र अभिभावकले दिएको सेवा सुविधामा थेरापीतालिम, परामर्श, पेशामूलकतालिम सञ्चालनगर्दै आएको पाइयो ।

यस शोधकार्यको अनुसन्धानको क्रममा अटिजम बालबालिकाहरु विभिन्न समस्याबाट पिल्सिरहेको पाइयो । अटिजम बालबालिकाहरुको लागि उपयुक्त शिक्षण प्रविधि नहुनु तथा कक्षाकोठा र पाठ्यपुस्तक अटिजम मैत्री नहुनुले अध्ययन अध्यापनमा समस्या रहेको पाइयो । अटिजम बालबालिकाको जीवनमा हुने कठिनाईलाई सुधार र व्यवस्थित बनाउन शिक्षक, अभिभावक सरोकारवाला, वि.व्या.स को विशेष भूमिका हुनुपर्ने देखिन्छ ।

# विषय सूची

| | पृष्ठ संख्या |
|---|---|
| प्रतिज्ञापत्र | i |
| सिफारिस पत्र | ii |
| स्वीकृतिपत्र | iii |
| कृतज्ञताज्ञापन | iv |
| शोधसार | v |
| विषय सूची | vii |

**एकाई एक**

| | |
|---|---|
| **परिचय** | **१-१०** |
| अध्ययनको पृष्ठभूमि | १ |
| समस्याको कथन | ७ |
| अध्ययनको औचित्य | ८ |
| अध्ययनको उद्देश्य | ९ |
| अनुसन्धानप्रश्न | १० |
| अध्ययनको परिसिमाहरू | १० |

**एकाई दुई**

| | |
|---|---|
| **सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका** | **११-२१** |
| अध्ययनको सैद्धान्तिक खाका | ११ |
| सम्बन्धित साहित्यको पुनरावलोकन | १७ |
| अवधाराणात्मक ढाँचा | २० |
| अध्ययनको उपादेयता | २१ |

## एकाई तीन


| | |
|---|---|
| **अध्ययनको विधिहरू** | **२२-२४** |
| अनुसन्धान ढाँचा | २२ |
| अध्ययनको जनसङ्ख्या र नमुना छनोट | २२ |
| तथ्याङ्कको स्रोतहरू | २३ |
| प्राथमिक स्रोत | २३ |
| द्वितीय स्रोत | २३ |
| अध्ययनको साधनहरू | २३ |
| अर्न्तवार्ता प्रश्नावली | २३ |
| अवलोकन | २४ |
| तथ्याङ्क सङ्कलन प्रक्रिया | २४ |
| तथ्याङ्क विश्लेषण प्रक्रिया | २४ |


## एकाई चार


| | |
|---|---|
| **तथ्याङ्कको व्याख्या तथा विश्लेषण** | **२५-३९** |
| अटिजम भएका बालिबालिकाहरूको सिकाइ अवस्था | २५ |
| सिकाइको अवस्था | २५ |
| कठिनाईहरु | २७ |
| पढाइप्रतिको अभिरुचि | २८ |
| सिकाइ प्रक्रियामा संस्थाको सेवाहरु | २९ |
| विद्यालयको संरचना र गतिविधि | ३० |
| अटिजम भएका बालबालिकाहरुको सिकाइमा सरोकारवालहरुको भूमिका | ३१ |
| शिक्षकको भूमिका | ३१ |
| अभिभावकको भूमिका | ३२ |
| वि.व्य.स.को भूमिका | ३३ |
| सिकाई प्रक्रियामासंस्थाले गरेको उपलब्धिहरु | ३४ |
| सेवा | ३४ |
| कार्यक्रम | ३४ |

सहभागिता ३५

सचेतना ३५

रोजगारी ३५

तालिम ३५

प्रकाशन ३६

भौतिकपूर्वाधार ३६

अटिजम भएका बालबालिकाहरुको सिकाइ प्रक्रियामा देखिएको समस्याहरु र समाधानका उपायहरु ३६

सिकाईमा देखिएको समस्याहरु ३६

सिकाईमा देखापरेका समस्या समाधानको उपायहरु ३८

समस्या सुधार गर्न बनाइएको योजनाहरु ३९


**एकाई पाँच**


**निष्कर्ष र सुझाव ४०-४२**

निष्कर्ष ४०

सुझावहरू ४१

नीतिगततह ४१

कार्यान्वयनतह ४१

अनुसन्धानतह ४२

**सन्दर्भ सामाग्री**

**अनुसूचीहरु**

# एकाई एक

# परिचय

## अध्ययनको पृष्ठभूमि

यस परिच्छेदमा अटिजम भएका बालवालिकाहरूको सिकाइ प्रक्रिया शिर्षकमा अध्ययनको पृष्ठभूमि र परिचयको साथै अध्ययनको कथन, महत्त्व, औचित्य, उद्देश्य, अनुसन्धानात्मक प्रश्नहरू र परिसीमाहरू उल्लेख गरिने छ। संसारमा सबै व्यक्ति पूर्ण रूपमा स्वस्थ्य र सक्षम छैन। विशेष अवस्थामा भएका वा अरु भन्दा भिन्न लक्षण भएको विभिन्न कारणले जन्मजात वा जन्म पश्चात विभिन्न रोगका शिकार भई दुर्घटनामा परि शरीरका कुनै पनि अँगहरू गुमाई मानिसहरूले जीवनमा धेरै कठिनाईहरू भोगी रहेको पाईन्छ। राष्ट्र सँघीय महासन्धी २००६ अनुसार "अपाङ्गता भएको व्यक्ति भन्नाले दिर्घकालिन अशक्त शारीरिक मानसिक बौद्धिक वाइन्द्रिय सम्बन्धी कमजोरी भई समाजका अन्य व्यक्तिहरूको तुलनामा असमान्य अवस्थामा रहनुलाई जनाउदछ"। माथिका परिभाषा अनुसार विभिन्न प्रकारका शारीरिक भौतिक र अवधारणात्मक अपराधका कारण समाजका विभिन्न क्रियाकलापमा पूर्ण र प्रभावकारी रूपमा भागलिन बाधा पुग्नुलाई आपाङ्गता भनिएको पाईन्छ। - अपाङ्गता मैत्री संञ्चालन निर्देशिका, २०७३)

पृथ्वीको उत्तरी गोलार्द्धमा अवस्थित संसारकै सर्वोच्च शिखर सगरमाथा र शान्तिका प्रतिक भगवान गौतम वुद्धको जन्मस्थल लुम्बिनी रहेको ठाँउ नेपाल एक सानो भुपरिबेष्ठित राष्ट्र हो। नेपाल शब्द गोपाल बंशियशासन कालमा निम शब्दबाट अपभ्रंस भई नेपाल निर्माण भएको कुरा इतिहासमा उल्लेख गरेको पाईन्छ। नेपालले पृथ्वी र एसियाको क्रमश ०.०३% र ०.३% भु-भाग मात्र ओगटेको भएतापनि धरातलिय बनोट र हावापानीका दृष्टिले यस भूमिमा अत्यन्तै विविधता देख्न सकिन्छ। नेपाल २६ डिग्री २२ मिनेट उत्तरी अक्षाँश देखि ३० डिग्री २७ मिनेट उत्तरी अक्षाँश सम्म र ८० डिग्री ४ मिनेट पूर्वी देशान्तर देखि ८८ डिग्री १२ मिनेट पूर्वी देशान्तर सम्म फैलिएको छ। यसको क्षेत्रफल १४७१८१ वर्ग किलोमिटर छ। साथै सिमाना उत्तरमा तिब्बत स्वाशित क्षेत्र चिन, पूर्व, पश्चिम र दक्षिणमा भारत रहेको छ। यो

देश पूर्व देखि पश्चिम लम्बाई सम्म औषतमा ८८५ किलोमिटर लम्बाईमा छ भने १९३ किलोमिटर फैलिएर उत्तर र दक्षिण चौडाई रहेको छ। (नेपाली तथ्याङ्किय झलक, २०६९)

नेपालमा सबै मानिसहरू सक्षम छैनन्। विभिन्न रोगका समस्याका कारणले गर्दा मानिसहरू जन्मजात र जन्मपछि अपाङ्गताको सिकार बन्नपुगेका छन। नेपालमा रहेको विभिन्नअपाङ्गताहरूमध्ये अटिजम पनि एक समस्याहो। अटिजम भन्नाले बच्चाको उमेर अनुसारको व्यवहार, सञ्चार र बोलीको विकास नहुनु कुनै व्यवहार निरन्तर दोहोऱ्याउने, प्रतिबन्धितव्यवहारहरू गर्ने अरुलाई वास्तानगर्नु आदिविशेषताहुनुलाई वुझिन्छ। यदिबच्चागर्भ मै रहेको समयमाजिनमा केहि समस्याहुँदाबच्चालाई अटिजम हुने सम्भावना रहन्छ। यो समय एक देखि डेढ बर्षको उमेर भित्र नै थाहापाउन सकिन्छ। अटिजमले बच्चाको शारीरिक वृद्धिमा खासै असर नपारे पनिबच्चाको मानसिकविकासमाभने असर पुऱ्याउछ।

अटिजम एउटा व्यावहारिक समस्या हो। तर अटिजम भएकाबालबालिकाहरूले राम्रो साथ सहयोग पाएभने उनिहरूको व्यवहारमा परिवर्तन भने ल्याउन सकिन्छ। नेपालमा झण्डै ३ लाखबालवालिकामा अटिजम भएको अनुमानगरिएको छ। अटिजम केयर सोसाईटिमा मात्रमहिनामा ८-१० जनाबालबालिका सम्पर्कमाआउने गरेको छन्। अटिजम भएकाबालवालिकालाई छुट्टै साथ र सहयोगको आवश्यकक्ता पर्दछ। उनिहरूलाई शिक्षादिक्षादिने तरिका पनि फरक हुन्छ। अटिजम कुनै चिकित्सकीय रोग भने होइन तर के भएर यो समस्या देखिन्छ भने यकिन कारण पनिपत्तालाग्ननसकेको चिकित्सकहरू बताउछन्।

हाम्रो देशमाविभिन्नजातजाति, धर्म र संस्कृति छन। अपाङ्गतामापनि धेरै प्रकार र त्यसमापनिविविधता छ। हामीअपाङ्गताभन्ने वित्तिकै शारीरिक अपाङ्गता, दृष्टि विहिन, बहिरा इत्यादि सम्झन्छौं र सामान्यतयत्यस्ताव्यक्तिहरूको सरलै पहिचानपनि गर्छौ। तर हामीले यो बुझ्न जरुरी छ की सबै अपाङ्गता हेर्ने वित्तिकै बुझ्न र पहिचान गर्न सकिदैन। तीमध्ये एउटा अटिजम हो। अटिजम स्नायु र नसाको विकासमाआउने ह्रासले उत्पन्नहुने अपाङ्गताहो। बालवालिकाजन्मेर लगभगदुई अढाई

बर्षसम्म प्रष्ट रूपमायसको लक्षणहरुचिन्नु गाह्रो हुन्छ। शारीरिक रूपमा धेरैजसो स्फूर्त देखिने यीबालवालिकाहरूको भाषाविकास नभएको अभिभावकहरूले याद गर्नेछ। र यसै कारण डाक्टर कहाँलाने गर्दछ। अनुभव र तालिमप्राप्त डाक्टरले मात्र अटिजमको सहि पहिचान गर्न सक्षमहुने हुँदा धेरै प्रतिशतबालवालिकाको ५- ६ बर्षको उमेरमागएर मात्रपहिचानहुने गरेको अवस्था छ। आजको दिनमाबालवालिका ३ बर्ष हुनु अगावै यस अवस्थाको पहिचान गर्न सम्भव भईसकेको छ। सिघ्र पहिचान गरी प्रारम्भिकअवस्थामै हस्तक्षेप गराउन सकेमात्यस्ताबालकवाबालिकाको सञ्चार सीप, भाषागतविकास, बौद्धिक विकास जस्ता सबै क्षेत्रमा ठुलो प्रभाव पर्ने विज्ञानले पुष्टि गरिसकेको छ। (राष्ट्रिय अपाङ्गमहासंघ नेपाल, २०६९)

अपाङ्गताभएको व्यक्तिको अधिकारका सवालमाविश्वव्यापीबहसको सुरुवात सन् १९८१ लाई संयुक्त राष्ट्रसंघले अन्तर्राष्ट्रिय अपाङ्गताबर्ष घोषणा गरे लगतै अगाडि बढेको पाईन्छ। अपाङ्गताभएकाव्यक्तिरुको अधिकारका लागिविश्वव्यापीरूपमाकार्यहरू गर्न सन् १९८२ माअपाङ्गता सम्बन्धी १० बर्ष विश्वकार्य योजनापारित गरिसकेपछि सदस्य राष्ट्रहरूलाई अपाङ्गताभएकाव्यक्तिहरूलाई पनिअन्यनागरिक सरह समावेश गर्न उत्प्रेरित गर्न सन् १९८३ देखि १९९२ को अवधिलाई विश्वअपाङ्गतादशकको रूपमा समेत घोषणा गरियो। अन्तर्राष्ट्रियअपाङ्गतादशकको अन्तिमबर्ष सन १९९२ मा राष्ट्र संघ द्वारा डिसेम्बर ३ लाई विश्वभर अपाङ्गताभएकाव्यक्तिहरूको दिवसको रूपमाप्रत्येक बर्ष मनाउने निर्णय गर्दै सबै सदस्य राष्ट्रहरूलाई आव्हानगऱ्यो र सोहि बर्ष देखि यो ३ डिसेम्बरका दिनविश्वभर मनाउने गरिन्छ। नेपालमा पनि सोहि बर्ष देखि हरेक बर्ष अपाङ्गताभएको व्यक्तिहरूको अन्तर्राष्ट्रियदिवशमनाउने गरिएको छ।

अपाङ्गताको समग्र सवाल नै मानवअधिकार मैत्री  र समावेशीहुनु सकिरहेको छैन। अपाङ्गताभित्रको विविधताको संबोधनएकातिर चुनौती छ भने विश्वव्यापीरूपमा फैलिएको  कोभिड १९ कोरोना भाईरस महामारीको नकारात्मकप्रभावले अपाङ्गताभएको व्यक्तिको जीवनझनै कष्टकर बन्दै गएको छ। अपाङ्गताभित्रपनिमहिलाको अवस्थाझ नै दयानिय बन्दै गएको छ। धेरै भित्रविभेद त

छदैछ भने समाज र राज्यले गर्ने विभेदकारी व्यवस्थाअर्को बाधक बनेको छ । अटिजम, बौद्धिक अपाङ्गगता, बहुअपाङ्गगतालगायतकाअरुले सहायतामाजीवनव्यतितगरिरेहेको बालिका र महिलाहरूआफुलाई हिँसाविभेद भयो भन्न समेत सक्षमनहुने अवस्थामा दैनिकजसो बलत्कारको घटना बाहिर आईरहेको छन् तर अपाङ्गगता मैत्रीन्यायीक संरचना र सेवानहुँदान्यायपाउन सकिरहेको छैनन् । अरु सरह सम्मानितजीवनव्यतित गर्नका लागिअपाङ्गग मैत्रीवातावरण, समावेशीशिक्षा, सांकेतिकभाषामा सुचना र सञ्चार, ब्रेल तथा अडियो सामाग्री, बौद्धिक आपाङ्गगता, अटिजम, सेरेवलपल्सी, मनोसामाजिकअपाङ्गगताकालागि सयोगी सेवा , स्वास्थ्य सामाग्रीतथाआवश्यक सामाग्रीको समन्वय र उपलब्धताको बारेमा सबैमा सचेतनाजागोस भन्ने शुभकामनाव्यक्तगर्दछु । (अपाङ्गमहिला संघ, २०७७)

अपाङ्गगताभएकाव्यक्तिहरूको हक, हित, संरक्षण संवर्द्धन गर्न राज्यद्वारातोकिएको सेवा, सुविधाएंवम् अवसरको उचितव्यवस्थापन गर्न अपाङ्गगताभएको व्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४ तथा संयुक्त राष्ट्र संघले पारित गरि नेपाल सरकारले हस्ताक्षर समेत गरिसकेको अपाङ्गगताभएकाव्यक्तिको अधिकार सम्बन्धीमहासन्धी २००६ को उद्देश्य, मर्म र भावनाबमोजिम र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिमको अधिकार प्रयोग गरि मेलम्चीनगरकार्यपालिकाले यो कार्य विधि जारी गरेको छ ।

सञ्चारको लागि निरन्तर दोभाषे आवश्यक पर्ने, पूर्ण रूपमाकाननसुन्ने दैनिकजीवनकाक्रियाकलापहरू स्वंयम गर्न नसक्ने, सिकाईमा समस्याभएकाबौद्धिक अपाङ्गगतावा अटिजम भएकाव्यक्तिहरू निरन्तर अरुको सहयोग लिई रहनुपर्ने बहुअपाङ्गगताभएकाव्यक्तिहरूलाई, त्यसैगरी शारीरिक, मानसिकवाइन्द्रिय सम्बन्धीक्षतिवाविचलनभएतापनि निरन्तर वाअधिकांश समय सहयोगी, दोभाषे वामानवपथप्रदर्शक आदिको सहयोगमाआफ्नो समय दैनिकक्रियाकलापलगायत हिँड्डुल र सञ्चार गर्न कठिनाई हुने व्यक्तिहरूलाई “ख”वर्गको परिचयपत्रउपलब्ध गराईनेछ, जुननिलो रंगको पृष्ठभूमिमा जारी गरिनेछ । (अपाङ्गगताभएकाव्यक्तिको परिचयपत्रवितरण कार्यविधि, २०७५)

विशेष आवश्यकक्ता शिक्षालाई विशेष शिक्षाको दायरा भन्दा माथिल्लो श्रेणीमा हेरिन्छ । विशेष शिक्षा असक्षम व्यक्तिमा मात्र केन्द्रित रहि बेग्लै सँस्थामा बेग्लै प्रकृतिको शिक्षा दिनेमा सञ्चालित भयो । यसैले बालबालिकारुलाई आफु यस्तो रहेछु भन्ने महसुस गराई हिनताबोध गराउने सम्मको कामगऱ्यो, जसले गर्दा सन् १९७० बाट विशेष आवश्यकक्ताको शिक्षाको अवधारणा अगाडी आयो । बेग्ला बेग्लै पद्धति र उपचारात्मक पद्धती अपनाएर शिक्षादिन सकिने दृष्ट्रिकोण बिशेष आवश्यकक्ता शिक्षाको रहेको छ । आफ्ना बालवच्चाहरूलाई सबैभन्दा माया गर्ने , समाजको एउटा अँगको रूपमा बच्चालाई लिने मानवीय जन्मसिद्ध अधिकारको रूपमा शिक्षालाई लिने साधारण र अपाङ्गगतालाई एकै ठाँउमा राखेर विशेष्ष निगरानी र उपचारको एपमा अपाङ्गगतालाई लिने गरेको पाईन्छ ।

न्यूरोलोजिकल गडबडिका कारण अटिजम हुन्छ । जन्मिएको १८ देखि २४ महिना सम्म बच्चाले सामान्य व्यवहार गर्दछ । त्यसपछि उसले प्राप्त गरेको सिपहरू हराउदै जान्छ । यस्तो संकेत २-३ बर्षमा नै स्पष्ट तवरले थाहा पाउन सकिन्छ । २४ महिना पछि सामान्य विकास हुन छाड्छ । आखाँ, आखा जुधाउन सक्दैन, एकान्तमा बस्न रुचाउछ मानिसहरूको भावना बुझ्न सक्दैन । भाषिक विकास र शिघ्रतामा ढिलाई हुन्छ । एउटै कुरालाई दोहोऱ्याई रहन्छ। सोझो उत्तर दिननसकी बाङ्गो उत्तर दिने गर्दछ । जसले सहजतरिकाले सञ्चार गर्न सक्दैन । यस्ता समस्याभएको बालबालिकाहरूमा टाउको ठुलो हुनु, हातखुट्टा सानो, हलचलमा असर पर्दछ । यो क्रोमोजोमको खरावीवाट हुने गर्दछ । यो जन्मजात वा आर्जित दुवै हुन सक्छ । ८०% अपाङ्गगतालाई उपचारबाट रोकथाम गर्न सकिन्छ । अटिजम भएका बालबालिकाहरूमा सुनाई, बोलाई, पढाई आदि कुराहरूमा समस्या रहेको हुन्छ । (खनाल, २०७३)

अटिजम भएका बालबालिका तथा युवाहरुका लागि व्यहारपयोगी शिक्षा दिई परिवार तथा समाजमा पुनस्थार्पना गराउने हेतुले स्थापित विशेष स्कुल तथा पुनर्स्थापना केन्द्र (SSDRC) एउटा गैरसरकारी तथा गैरनाफामुलक सामाजिक संस्था हो ।

अटिजम भएका बालबालिकाहरुको दैनिक कार्य जस्तै आफ्नो स्याहार सुसार आफै गर्न सक्ने, साधारण लेखपढ गर्ने र सीपमूलक तालिमबाट आत्मनिर्भर बनाउनका लागि बालबालिकाहरुको क्षमता अभिवृद्धि गराई उनीहरुलाई समाजमा अन्य व्यक्ति सरह हक, अधिकार सहित पुनर्स्थापना गराउने उद्देश्यले यो संस्थाको स्थापना गरिएको हो ।

जनचेतनाको अभावका कारण अटिजम भएका बालबालिकाहरु शिक्षा र स्वास्थ्य सेवाबाट बञ्चित भइरहेको अवस्था छ । अटिजम सचेतना कार्यक्रम सञ्चालन गर्दै, विधागत विज्ञहरुको परामर्श लिई, उनीहरुका समस्या र चुनौतीको पहिचान गर्दै, सो अनुसारको शिक्षा र स्वास्थ्य सेवा पुर्‍याउन आवश्यक छ । विद्यालयमा अटिजम भएका बालबालिकाको लागि उपयुक्त शिक्षार स्वास्थ्य थेरापी सेवा एक साथ उपलब्ध छैन । अटिजम हुनुका कारण र उपचारका क्षेत्रमा धेरे अनुसन्धान भइसकेका छन् । तर, अटिजम हुनुको कारण र निर्मुल गनेृउपाय पत्ता लागेको छैन । अटिजम भएका व्यक्तिहरुमा देखिने फरक खालका समस्या र चुनौतीहरुको पहिचान गरि उनीहरुको अवस्था अनुरुपको शिक्षा, थेरापी, तालिमआदिदिई समाजमापुनर्स्थापना गन सके प्रत्यक्ष हरेक अभिभावक तथा सरोकारवालाहरुलाई सहयोग पुग्ने कुरालाई ध्यानमा राखी विशेष स्कुल तथा पुनर्स्थापनाको परिकल्पना गरी स्थापना गरिएको छ । (SSDRC,२०६८)

बालबालिकाका सर्वांगीण विकासका लागि समयमै उपयुक्त शारीरिक वृद्धि र विकास आवश्यक मानिन्छ । कुनै बालबालिकामा वृद्धि क्रमिक रुपमाहुँदै जाँदा सोही अनुपातमा विकास नभई अस्वभाविक क्रियाकलाप तथा व्यवहार देखा पर्ने अवस्था अटिजम हो । सामान्य बालबालिकामा देखिने भन्दा फरक स्वभाव, व्यवहार तथा क्रियाकलापहरु यदिकुनै बालबालिकामा देखा पर्छ भने त्यो अटिजमको संकेत हो । यो मस्तिष्क र स्नायु कोषहरुको स्वाभाविक विकास क्रममा हुने असमान अवस्थाको रुप हो । बालबालिकाको मस्तिष्कमा स्नायु कोषहरुको सञ्चालनले राम्रोसँग काम नगर्दा सूचना प्रशोधनमा बाधा उत्पन्न भएर सामाजिक क्रियाकलाप, सञ्चार, सीप र कल्पना शक्तिको विकासमा असर पुग्छ जसले गर्दा उनीहरुमा सामान्य भन्दा फरक खालका

व्यवहार तथा क्रियाकलापहरु देखा पर्दछ । जस्तै : उपयुक्त सञ्चारको बुझाई नहुनु, घुलमिल हुन नसक्नु आदि ।

अटिजम कुनै रोग नभएकाले औषधिबाट निको हुन्छ भन्ने हुँदैन । यो बौद्धिक अपांगता होइन, मस्तिष्कको विशेष अवस्था मात्रै हो । अटिजम किन हुन्छ भन्ने विषयमा विश्वमा विभिन्न अध्ययन हुँदै आएका छन् । अस्वस्थकर र विषादीयुक्त खानेकुरा, धुम्रपान वंशानुगत रोग लगायतलाई अटिजमका कारकका रुपमा अनुमान गरिएको छ । अटिजम विकासात्मक अपांगता हो जुन बच्चा जन्मेसँगै आउँछ र ६ महिना देखि ३ वर्षसम्ममा यस काव्य वहारहरु देखा पर्दछन् । नेपाल सरकारले अपांगताका दस प्रकारमध्ये एउटामा अटिजमलाई राखेको छ । अटिजम भएका बालबालिकाले खानेकुरा नचिन्ने र नबुझ्ने हुँदा खुवाउन ज्यादै कठिन हुन्छ । ठोस खानेकुरा राम्ररी चपाएर खान, चिसो तातो खाने कुरा समेत खान नसक्ने हुन्छ । एउटा अटिजम बालकका स्वभावहरु अरुसँग पूरे नमिल्न सक्छन् । तर सामान्य भन्दा असामान्य क्रियाकलाप देखा पर्नु, सिक्ने क्षमता कमी हुनुजस्ता मुख्य लक्षणका आधारमा छुट्याउन सकिन्छ । (कान्तिपुर, २०७९)

## समस्याको कथन

अटिजम मस्तिष्कको बनावटमा हुने असन्तुलनका कारण उत्पन्नहुने जन्मजात समस्याहो । बालवालिकाजन्मिएको १८ महिना देखि २ बर्ष भित्रमाआमावाअभिभावक संग कुनै पनि सञ्चार गर्न सकेनने भने अटिजमको संका गर्न सकिन्छ । बालवालिकाले उमेर अनुसारको गतिविधि गरेका छैनन् वाअसामान्यव्यवहार देखाउछ भने अटिजम भएको हुन सक्छ । अटिजम स्नायु तथानसाको विकासमाआउने ह्रासले उत्पन्नहुने समस्याहो । यो जन्मजातनसा र तन्तुको विकासकाक्रममाआएकाअसमानताको एउटा रूपहो ।

अटिजम विकासात्मकविकारको अवस्थाहो र यो जीवनभर  नै रहने एक अपाङ्गताहो । सँसारमा ६८ जनामा १ बालक अटिजमको समस्या बाट ग्रसितभएको सिडिसिको अध्ययनले देखाउछ । यो समस्याकुनै पनिजातीवर्ग र आर्थिक

सामाजिकअवस्थाको व्यक्तिहरूमापनि देख्न सकिन्छ । यो समस्याबच्चाले जन्मजातलिएर आउने एक प्रकारको अपाङ्गताहो । मस्तिष्कको कार्यहरूअसन्तुलनको कारण हुने गर्दछ । यस समस्यामाव्यवहारगतरूपमा देखिने लक्षणहरूपहिचान गर्न सकिन्छ । जस्तै संञ्चारमा कठिनाई, सामाजिकअर्न्तरक्रियामा कठिनाई हुन्छ । यस समस्याबाट ग्रसितभएका ४७% बालबालिकाहरूको पहिचान स्कुलजादाँवा ३ बर्षको उमेरमाभएको पाईन्छ । यो समस्याजति ढिलो थाहा हुन्छ उनीहरूको उपचारमापनिझन ढिलो हुनुका साथै अवस्थापनि जटिल हुँदै जान्छ ।

अटिजमको समस्या भोगीरहेको बालवालिकाहरूले धेरै समस्याहरू खेप्नु परिरहेको छन् । अटिजम हुनुको मुख्य कारणहरूभनेको न्यूरोलोजिकलविकार, बँशाणुगत गुण, गर्भावस्थामा आमाले मादकपदार्थ वाऔषधीप्रयोग गरेमा, मस्तिष्कको कार्यमाअसन्तुलन, वातावरणीय तत्वहरूआदि रहेको छन् । नेपालमावर्तमान समय सम्म पनि अटिजम भएको बच्चाजन्मिरहनु एउटा समस्या नै बन्दै गईरहेको छ । नेपालमा विभिन्न रोगका कारण र बाहिरी वातावरणको खरावीले गर्दा अटिजम भई कठिन अवस्थामा मानिसहरू बाँचिरहेका छन् । अटिजम व्यक्ति परिवारमा हुन गएमा त्यस्ता व्यक्तिलाई रेखदेख गर्न समेत परिवारका सदस्यहरूमा समस्या परिरहेको छन् । अटिजमको उपचार गर्ने अस्पतालहरु र रोग निको पार्ने औषधी पनि ठ्याक्कै पत्ता लगाउन नसकेको कारण अटिजम चै नेपालमा प्रमुख समस्याको रूपमा रहेको छ ।

**अध्ययनको औचित्य**

नेपालमा जन्मलिने सबै मानिसहरूको क्षमता एकै नासको पाईदैनन् । यहाँ विभिन्न अशक्तता क्षमता भएका बालवालिकाहरू पनि विभिन्न कष्टहरू सहेर बाच्नु बाध्ये छन् । तसर्थ यस अध्ययनबाट अटिजम बालबालिकाको सिकाई प्रक्रियाकसरी व्यवस्थापन गर्न सकिन्छ भन्ने उपायहरूखोजी गर्न मद्दत मिल्ने छन् ।

अटिजम भएका बालवालिकाहरूलाई के कसरी पढाउन र रेखदेख गर्न सकिन्छ र उनिहरूलाई अभिभावकले कस्ता भूमिका खेल्न सकेमा अटिजम बालबालिकाको व्यवहारमा सुधार ल्याउन सकिन्छ भन्ने मुख्य समस्याका समाधान पत्ता लगाउन यस अध्ययनको महत्त्व रहेको छ । अटिजम बालवालिकाले दैनिक जीवनमा सामना गर्दै

आएका कठिनाई आउनुको कारणहरू पत्तालगाई यस समस्यालाई समाधान गर्न सकिने उपायहरू ल्याउन यस अध्ययनले सहयोग गर्नेछन । अटिजम कतिबर्षको समयमा देखापऱ्यो । परिवारले अटिजम भईसके पछि खेलेको भूमिकाहरू के-के छन् । जस्ता कुराहरूको बारेमा यस अध्ययनबाट ज्ञान प्राप्तगर्न सकिन्छ ।

अटिजम भएका बालबालिकाहरूको सिकाई प्रक्रियालाई मध्ये नजर गर्दै विभिन्न संघ संस्थाहरूले सुधारका निम्तिप्रयासहरूचालेका छन् । अटिजमबाट ग्रसितबच्चाहरूलाई कसरी नियन्त्रण गरी उनीहरूको जीवनमा सहजताल्याउने । अभिभावकहरूले कस्ता भूमिकाहरूनिर्वाह गर्ने भन्ने जानकारी दिन यस अध्ययनको जोड रहेको छ । अटिजम बालवालिकाको सिकाई अन्यबालवालिकाको जस्तो सहजहुदैन। विद्यालयकाविभिन्नभौतिकआदी समस्याहरूले उनीहरूको सिकाईमाप्रभावपार्दछ । अटिजम बालवालिकाहरूले घरमाविद्यालयमा रहँदा धेरै कठिनाईहरूभोग्दै आईरहेको हामीपाउन सक्छौं । यस्ता समस्याहरूलाई न्युनिकरण गर्न यस अध्ययनले मद्दत गर्नेछ । साथै अटिजम बालवालिकाहरूको सिकाई प्रक्रियाको अवस्थापनिपत्तालगाउन यस अध्ययनको उद्देश्य रहेको छ ।

**अध्ययनको उद्देश्य**

यस अध्ययनको विशिष्ट उद्देश्यहरूनिम्नअनुसार रहनेछन् :

१. अटिजम भएकाबालवालिकाहरूको सिकाइप्रक्रियापत्तालगाउनु ।

२. अटिजम बालबालिकाको सिकाईमासरोकारवालाहरूको भूमिकापहिचान गर्नु ।

३. अटिजम भएकाबालबालिकाहरुको लागि संस्थाले गरेका उपलब्धिपत्तालगाउनु ।

४. अटिजम भएकाबालबालिकाहरूको सिकाइप्रक्रियामा देखिएका समस्याहरुको विश्लेषण गरी समाधानकाउपायहरु खोजी गर्नु ।

**अनसन्धानात्मकप्रश्न**

यस अध्ययनको उद्देश्यहरू पुरा गर्न निम्न प्रश्नबाट उत्तर खोज्ने प्रयास गरिएको छन्:

१. अटिजम बालवालिकाको सिकाई प्रक्रिया कस्तो छ ?

२. अटिजम बालबालिकाहरुको सिकाई प्रक्रियामा सरोकारवालाहरुको भुमिका के-के छ ?

३. अटिजम बालबालिकालाई हेरचार गर्न संस्थाले के-के गरेका छन्?

४. अटिजम बालवालिकाको सिकाई प्रक्रिया सुधारगर्नके-केप्रयासहरूगर्नुभएकोछ ?

५. अटिजम भएकाबालबालिकाहरुको सिकाइप्रक्रियामा देखिएका समस्याहरु के के छन् ?

६. अटिजम भएकाबालबालिकाहरुको सिकाइप्रक्रियामा देखिएका समस्या समाधानकाउपायहरु के के हुन् ?

**अध्ययनको परिसीमाहरू**

यो अध्ययन नेपालमा रहेको अटिजम बालवालिकाको सिकाई अवस्थालाई मात्रध्यानमा राखीविश्लेषण गरिएको छ। यस अध्ययनविशेष स्कुलमापनि अटिजम स्कुलपुरानो सिनामंगल, काठमाडौंलाई अध्ययनकाकार्यका लागि छनोट गरिएको छ। अध्ययन अनुसन्धानकाक्रममा छनोटमा परेको विद्यालयमाशिक्षक ४ जना, प्र.अ. १ जना, वि.व्य.स.अध्यक्ष १ जना, अभिभावक ४ जना गरी जम्मा १०जनालाई अध्ययनको जनसंख्याको रूपमालिएर अध्ययन अनुसन्धानगरिने छ। अध्ययनलाई उद्देश्यमुलकबनाउनतथ्याङ्कसङ्कलनकाप्राथमिक स्रोत अर्न्तगतप्रश्नवली, अर्न्तवार्ता, अवलोकन फारम, तथाद्वितीय स्रोतकालागिविद्यालयकातथ्याङ्क, पत्रपत्रिका, अनलाइन लेखरचनालाई आधार मानिने छ।

# एकाई दुई

## सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

यस अध्ययनमाकाठमाडौं जिल्ला पुरानो सिनामंगलमाअवस्थित अटिजम स्कुलमा रहेका अटिजम बालवालिकाहरूको सिकाइप्रक्रियासँग सम्बन्धितप्रकाशित लेख, रचना, पुस्तकतथा यस सँग सम्बन्धित अनुसन्धान साहित्यको पुनरावलोकन गरिएको छ ।

### अध्ययनको सैद्धान्तिक खाका

बिशेष शिक्षानिति (२०५३) ले दृष्टिविहिन, बहिरा, अटिजम, बौद्धिक अपाङ्गगता र शारीरिक अपाङ्गगताभएकाबालवालिकालाई आवास सहितविभिन्न सुविधाहरूदिने कुरा उल्लेख गरेका छन् ।

शिक्षा ऐन (२०२८) को नवौ संशोधनले समावेशीशिक्षाभन्नाले दृष्टिविहिन, न्युन दृष्टियुक्त, बहिरा, सुस्त श्रवण, अटिजम, बौद्धिक, शारीरिक वाअन्यशारीरिक अपाङ्गगताभएकाबालवालिकालाई नियमित शैक्षिक पद्धतिको  अधिनमा रहि दिईने शिक्षालाई समावेशीशिक्षा भनिन्छ । सामाजिक, आर्थिक वाभौगोलिक कारणले पछाडि पारिएकाव्यक्तिलाई विभेदरहितवातावरणमा दिईने शिक्षालाई समावेशीशिक्षाभनिन्छ ।

राष्ट्रिय शिक्षानिति (२०७६) को अनुसार अपाङ्गगताभएकाबालवालिकाहरूको आवश्यकत्ता पुरा गर्न समावेशीशिक्षाएंवम् विशेष शिक्षाकाअवसर प्रदान गर्ने र जीवनपयोगीतथाव्यवसायिक सीप विकासकालागि पाठ्यक्रमतथा पाठ्यसामाग्रीअनुकुल गर्ने बालवालिकालाई बस्ने छात्रावास सहितको व्यवस्थागरिदिने उल्लेख गरेका छन् ।

नेपालको संविधान (२०७२) अनुसार असहाय, अनाथ, अपाङ्गगताभएका, दन्द्वपीडित, विस्थापितएंव जोखिममा रहेका बालवालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधापाउने हकहुनेछ । अपाङ्गगताभएका र आर्थिक रूपले विपन्ननागरिकलाई कानुनबमोजिमनिशुल्कउच्चशिक्षापाउने हकहुनेछ ।

सविता उप्रेतीले उल्लेख गरे अनुसार काठमान्डौँको पेप्सीकोला स्थित पुरानो सिनामंगलबाहिरबाट सामान्यभवनजस्तै लागे पनिविशेष स्कुलतथापुनस्थापना केन्द्र

भित्रबाट नाम जस्तै विशेष छ। यहाँ अटिजम भएकाबालवालिकाहरूलाई थेरापी सँगै शिक्षाको वातावरण विकास गरिएको छ। पढाई संग संगै बालवालिकाहरूलाई थेरापी र उनीहरूको लागिउचितवातावरणको सिर्जनागर्नलाई यो स्कुल सुरु गरिएको उनी बताउछिन्। उनी भन्छिन् अटिजम भएकाबालवालिकाहरूलाई समाजमालुकाएर राखिन्छ। उनीहरूलाई पनिअरुले जस्तै बाहिर आउन र सामान्य मान्छेले जस्तै जीवनजिउने वातावरण सिर्जना गर्ने हामीले यो स्कुलसिर्जना गरेका छौ। यस अटिजम केन्द्रमाशिक्षामात्रहोइनउनीहरूलाई थेरापी सँगै भबिष्यमाकामलाग्ने सिपपनिसिकाईन्छ। अटिजमको समस्याभएतापनि गर्न सकिने कामहरूसिकाएर उनीहरूलाई उधमशीलबनाउनप्रयास गरिएको, उनीहरूलाइखादा, टोपीबुन्ने काम सिकाउछौं। यीकामहरूसिकेर गर्न सकेमाभोलीउनीहरूले समाजमाआफुलाई देखाउन सक्छन्। केहि बर्ष अघि पेप्सीकोलामाजग्गा भाडामा लिएर सञ्चालनमाल्याइएको विद्यालयलाई हालभने भक्तपुरको ताथली क्षेत्रमाआफ्नै भवननिर्माण गरेर सार्न लगिएको हुन्। नयाँभवन भएपछि बालबालिकाको सँख्यापनिथप्न सकिन्छ  नँयाभवननिर्माणका लागिविभिन्न ठाँउबाट सहयोग जुटेको छन् (उप्रेती, २०७७)।

बालबालिका सम्बन्धी राष्ट्रिय नीति (२०६९) अपाङ्गताभएकाबालवालिकाको अभिलेख दुरुस्त गर्ने व्यवस्थामिलाईनेछ। अपाङ्गताहुन सक्ने कारण रोकथामकाउपाय र आवश्यक हेरचाहको बारेमा चेतनाजागरणका कार्यक्रम सञ्चालनगरिनेछ। अपाङ्गभएकाबालवालिकाको निशुल्कशिक्षाको व्यवस्थागरिनेछ र शिक्षा स्वास्थ्य जस्ता आधारभुत सेवामा सहजपहुँचको व्यवस्थ्या सुनिश्चितगरिनेछ। अपाङ्गताको प्रकृतिअनुसार आवश्यक सहयोगी समानउपकरण तथा पुस्तकनिशुल्करूपमाव्यवस्थागरिनेछ। सार्वजानिक स्थलतथाभवनहरूमा सुचनातथा सञ्चारमा र अतिरिक्तक्रियाकलापमाअपाङ्गताभएकाबालवालिकाको सरल र सहजपहुँज बढाउन आवश्यक पर्ने भौतिक सुविधा र संयन्त्रको विकास गरिने छ। अपाङ्गतालाई सशक्तिकरण गरी पुनः स्थापना गर्न पुनः स्थापना केन्द्रको व्यवस्थागरिनेछ। अटिजम, मानसिक सन्तुलनगुमेको परिवारले पालनपोषण तथा हेरचाह गर्न नसकेका बालबालिकालाई विशेष सहयोग र हेरचाहको व्यवस्थागरिनेछ।

अटिजम जस्ता स्नायु प्रणालीमा आउने निर्वलताको समस्या देखिनुमाविविध कारण हुन सक्ने देखिन्छ । सामान्यरूपमाभन्दा समाजमाअवस्थितविभिन्न कुरीतिको पछि लागेर नयाँदुलहीवाबुहारीले यो गर्न नहुने यो गर्नुपर्ने भन्ने लामो फहरिस्त लादिने प्रचलनले गर्भ रहनु भन्खा अगाडीको तरुण महिलामादिएको मानसिक र सामाजिकदमन र मुख्यत:मनोवैज्ञानिक अत्याचार धेरै अर्थमा कारक बन्नगएको छ । समग्रमा अटिजम जस्ता मनोवैज्ञानिक जटिलता र समाजमाव्यप्तनकरात्मक सोच जस्ता बैरीहरूबाट समाजलाई मुक्त गर्न चाहिने मुख्यउपचार भनेको समाजमा रहेको घरेलु हिसाँ, महिला भेदभाव, दमन, अत्याचार हटाउदै नितान्तनीजी र सामाजिकजीवनका गतिविधिबाट महिलाको आत्मसम्मानमाआउने आँचबाट मुक्तिदिलाउन समाजलाई सचेत गराउनआवश्यक छ (सेतोपाटी, नेपालको डिजिटल पत्रिका,२०७७) ।

कुनै पनिबालवालिकाको भाषाविकास हुनु अगावै १२ महिना देखि २ बर्ष अघि नै उसमाऔलाको सँकेत गर्ने हो वाहोइनभनेर सोध्दा टाउको हल्लाउने, अभिभावकले औंलाले देखाएको बस्तुमा आँखा लैजाने आदि जस सञ्चार गर्ने सीपहरूको विकास भएको छैन भने त्यसमा अटिजमको शँका गर्न सकिन्छ । यस्ता उमेरका बालवालिकाको सिघ्र पहिचानभएमाप्रारम्भिक हस्ताक्षेप नै सबैभन्दामहत्त्वपुर्ण थेरापीहो । अटिजम भएकाबालवालिकालाई सञ्चार गर्न, सामाजिकव्यवहार गर्न, विभिन्न थेरापी र खेलकामाध्यमद्वारासिकाईन्छ । बालबालिकाहरूकालागिअभिभावक नै पहिलो गरु हुन् ।अभिभावकले सवैभन्दा बढि समय उनीहरू संग विताउने अवसर पाउछन् । त्यसैले नै बालवालिकालाई घरका विभिन्न परिस्थितीमा, वातावरण सुहाउदा खेल खेल्दै थेरापीदिँदा सबैभन्दालाभदायक रहेको पाईएको छ (राष्ट्रिय अपाङ्गमहासंङ्घ नेपाल, २०६९) ।

अपाङ्गताभएकाव्यक्तिको अधिकार सम्बन्धी ऐन (२०७४) ले स्तरीय शिक्षामा अटिजम अपाङ्गताभएकाबालवालिकाको पँहुज बढाउने उद्देश्यले उनीहरूलाई पढाउने शिक्षकहरूलाई विशेष तालिकमदिने कुरा उल्लेख गरेको छ । तर यसले समावेशीशिक्षाको शिक्षकहरूलाई तालिमदिने बारेमा केहि बोलेको छैन । यसले

विविधतायुक्तकक्षाकोठाको सिकाईलाई लाभ पुऱ्याउनकालागि समावेशीशिक्षामा संग्लन सबै शिक्षकलाई तालिमदिनभन्दाविशेष शिक्षकहरूलको विकास गर्न बढि ध्यानदिएको छ । मुलधारको विद्यालयका एक जनाशिक्षककाअनुसार उनले अपाङ्गताभएकाबालवालिकाकाबारेमाअहिले सम्ममापाएको एउटा मात्रतालिमअनुशासन र कक्षाकोठा व्यवस्थापनमा केन्द्रितथियो र त्यो एउटा गैर सरकारी संस्थाबाट आयोजितथियो ।

आर्थिक सर्वेक्षण २०७५/७६ का अनुसार फरक क्षमताभएकाबालवालिकालाई शिक्षामापहुँचअभिबृद्धि गर्न हाल ३३ विशेष विद्यालय, २३ एकिकृत विद्यालय, ३८० स्रोत कक्षाको व्यवस्थापनगरिदिने उल्लेख गरेको छन् ।

शिक्षानियमावली (२०५९) को नियम ६० माअपाङ्गताभएकाबालवालिकालाई विशेष शिक्षाप्रदान गर्न सकिने र सोहि नियमावलीको नियम ६६ एंवअपाङ्ग संरक्षण तथा कल्याण नियमावली २०५१ को नियम १५ माविशेष शिक्षादिने संस्थालाई नेपाल सरकारले निर्धारण गरे बमोजिम सुविधादिने व्यवस्थाउल्लेख गरेको छ ।

नेपालमाशिक्षाको विस्तार औपचारिक, अनौपचारिक र परम्परागतमाध्यममार्फत हुने गरेको छ । भाषिक समुदायलाई मातृभाषामाशिक्षाप्रदान गर्ने आर्थिक रूपले विपन्न, असहाय र अपाङ्गताभएकातथाअनाथहरूको शिक्षाकानिम्ती राज्यले विशेष व्यवस्थागर्दै जानुपर्ने अवस्थाविधमान छ । प्रारूपविकास गर्ने शिलसिलामाविभिन्न समुह (दलित, महिला, जनजाति, अपाङ्गग) आदि बाट तयार गरिएको विद्यालयतहको पाठ्यक्रमविश्लेषण प्रतिवेदनतथाअर्न्तक्रियाबाट प्राप्त सुझावमाविद्यमान पाठ्यक्रमले महिला, दलित, जनजातिअपाङ्गताभएकाअति कठिन अवस्थामाजीवनविताउनबाध्य दन्द्धबाट पिडित बालवालिकाहरूकाआवश्यकक्तालाई पर्याप्त मात्रामासम्बोधन गर्न नसकेको अवस्था छ । यसै गरि मानसिकरूपमाकमजोर बालवालिकाहरूको शैक्षिकआवश्यकक्तालाई पनि सम्बोधन गर्नु आवश्यक छ (राष्ट्रिय पाठ्यक्रमप्रारूप, २०७६) ।

सविता उप्रेतीलाई हरदम अटिजम भएकाबालवालिकाले घेरिएकी हुन्छिन् । उनीहरू सविताको मुहार छैन । बदलामाउनी स्नेह साट्छिन् । शौचालय गर्न

नसक्नेलाई आमाले झै स्याहार्छिन । आफ्नै सन्तानझै गरी सुम्सुम्याउछिन । यसैमाउनलाई खुसि मिल्छ । अटिजम भएकाबालवालिकाकालागिखोलिएको विशेष स्कुलतथापुन स्थापना केन्द्रकी संस्थापकअध्यक्ष सविता अटिजम भएको बालवालिकाको सेवामातन, मन, धनले लागिपरेकी छिन । सविता घरघरमागई अटिजम भएकाबालवालिका छन कीभन्दै सोध्दा उल्टो कुकुर समेत लगाएर लघार्थे । कुकुरले टोकेको खत नै छ उनले संघर्ष देखाहैन । उनि अटिजमबारे बुझाउनउनीगाँउगाँउमा पुग्छिन ।हालसम्मउनले जनचेतना फैलाउने कममाविभिन्नजिल्लमा १६० वटा कार्यक्रम सञ्चालनगरिसकेकी छिन । २०७४ सालमाउनले राष्ट्रिय युवाप्रतिभा पुरस्कार पाईन । मुलुकाकाउत्कृष्ट ७५ महिला नेत्रीकारूपमाउनी सम्मानितभईसकेकी छन् ।

अटिजम भएकाबालवालिकालाई अध्ययनकालागि सरकारी स्कुल सहज छैन। उनको संस्थामा अटिजम भएकाबालवालिकालाई आवश्यकताअनुसार विशेष शिक्षादिईन्छ । बालवालिकाको अवस्थाअनुसार फरक फरक सिकाई हुन्छ । उनिहरूलाई स्पिच थेरापी, अकुपेस्नल थेरापी, सेन्सरी थेरापी, फिजियो थेरापी, म्यूजिक थेरापीदिईन्छ । आवश्यकताअनुसार स्वास्थ्यजाँचपनिगरिन्छ । उनीहरूलाई आफ्नो हेरचाहआफै गर्न सक्ने बनाउनु नै चुनौतीपूर्ण छ (उप्रेती, २०७६) ।

पन्ध्रौ योजना (२०७६/७७-८०/८१) ले अपाङ्गगताभएकाव्यक्तिको नागरिक, राजनैतिक, आर्थिक, सामाजिकतथा साँस्कृतिकअधिकार सहितको सम्मानजनकजीवनयापनको अधिकारलाई कानुनले संरक्षण र प्रवर्द्धन गर्ने भएको छ । नेपालले अपाङ्गगताभएकाव्यक्तिको अधिकार सम्बन्धिमहासन्धि २००६ एसियातथा प्रसान्त क्षेत्रको क्षेत्रीयइन्चोन रणनीति (२०१३-२२) लगायतकाअन्तर्राष्ट्रिय प्रतिवद्धताहरूकार्यन्वयनगर्दै आएको छ । अपाङ्गगताभएको व्यक्तिको लागि सबै प्रकारका सुविधासहितको पुस्थापना सेवाको व्यवस्था गर्ने भएको छन् । सुचना सञ्चार तथाप्रविधिको सुविधामा समेत अपाङ्गगताभएकाव्यक्तिको पहुँच सुनिश्चित गर्ने गरि सेवाको उपलब्धता र उपकरणको व्यवस्था गर्ने । अपाङ्गगताभएकाव्यक्तिहरूप्रतिगरिने विभिन्नप्रकारको अन्धविश्वास,विभेद र हिँसाअन्त्य गर्ने प्रयास गरेको छन् ।

SSDRC (2068) को अनुसार, अटिजम भएकाबालबालिकालाई विभिन्न थेरापी, शिक्षा, हेरचाह, एवम् तालिमदिएर विद्यालयशिक्षाकालागितयार गर्नुपर्ने हुन्छ। तापनिकतिपयबालबालिकामूलधारको विद्यालयजान सक्ने अवस्थामापुग्दैनन्। उनीहरुलाई भने विद्यालयशिक्षापनि अटिजम विद्यालयमा नै व्यवस्थापन गर्नुपर्ने हुन्छ। अटिजम भएका धेरै व्यक्तिलाई घरभित्रबाँधेर, थुनेर राख्ने गरेको भेटिन्छ। उनीहरुको जीवन सहजबनाउनशिक्षा, थेरापीहरु तथातालिमको व्यवस्था छ भन्ने कुरा समेत धेरै अभिभावकलाई थाहा छैन। अटिजम भएकाव्यक्तिहरुमा देखिने फरक खालका समस्या र चुनौतीहरुको पहिचान गरी उनीहरुको अवस्था अनुरुपको शिक्षा, थेरापी, तालिमआदिदिई समाजमापुनस्थार्पना गर्न सके प्रत्यक्षपरोक्ष हरेक अभिभावकतथा सरोकारवालालाई सहयोग पुग्ने कुरालाई ध्यानमा राखीविशेष एकलतथापुनर्स्थापना(SSDRC)परिकल्पना गरी स्थापनागरिएको छ।

हाम्रो डक्टर खबर (२०७९) का अनुसार, अटिजम मस्तिष्कविकासमाउत्पन्नहुने एक किसिमको जन्मजातअवस्थाहो। अटिजमलाई मूलत वंशाणुगत गुणको प्रभावभन्ने गरिन्छ। यसकाआन्तरिक र अन्य कारणहरुमा दम्पत्तीले ३५ वर्ष भन्दामाथिको उमेरमाबच्चाजन्माएमा २६ हप्ताभन्दाकम समयमाबच्चाजन्मिएमा, कमतौल भएकाबच्चाजन्मिएका, नवजातअवस्थाको बच्चामाविभिन्नप्रकारका रोगको सङ्क्रमण भएमा, एउटा बच्चा र अर्को बच्चाको जन्मान्तर कमभएमा अटिजम हुने गर्दछ (हाम्रो डक्टर खबर २०७९, पुष १९, मंगलबार)

नेपालको संविधान २०७२ को धारा ३९ लाई बालबालिकाको मौलिकहकभनी परिभाषितगरिएकोले शिक्षाबालबालिकाहरुको मौलिकअधिकार हो। तर नेपालको सन्दर्भमा अटिजम भएकाबालबालिकाहरुलाई शिक्षाको सहजव्यवस्था छैन। शिक्षासहजउपलब्ध गराउननसक्नाले कतिपयविद्यालयहरुले अटिजम भएकाबालबालिकालाई भर्ना लिन हिच्किचाउँछन् भर्ना लिइहाले पनि अटिजम मैत्रीवातावरण नहुने, नियमितउपचार तथा थेरापीनहुने हुँदाबालबालिकामानकरात्मक

असर परिरहेको हुन्छ । अटिजम भएकाबालबालिकालाई विभिन्न थेरापी, शिक्षा, हेरचाह, एवम् तालिमदिएर विद्यालयशिक्षाकालागितयार गर्नुपर्ने हुन्छ । (उप्रेती, २०६८)

**सम्बन्धितसाहित्यको पुनरावलोकन**

अटिजम बारे शिक्षण अस्पतालमा एमफिलगरिरहेका क्लिनिकल साइकोलोजी रेजिडेन्ट रामकाजीप्रजापतिले अटिजम रोग नभएर अवस्थाभएको बताउछन् । उनले भने रोगको मात्रउपचार हुन्छ । तर अटिजम भएकालाई उचितवातावरण प्रदान गरेर केहि सुधार गर्न सकिन्छ । अमेरिकाको संस्था सेन्टर फर डिजिज कन्ट्रोलको अध्ययनअनुसार जन्मेको ५९ जनाशिशुमध्ये एक जनामा अटिजमको समस्या हुन्छ । विश्वको एक देखि दुई प्रतिशतमानिसमा अटिजम भएको अनुमानगरिएको छ । नेपालमा अटिजमको तथ्याँङ्क नै छैन । अटिजम केयर सेन्टरकीअध्यक्ष सुनितामलेकु अमात्यविश्व स्वास्थ्य संगठनको रिफरेन्स लिएर नेपालमादुई देखि साढे दुई लाखमानिसमा अटिजम भएको हुन सक्ने बताउछिन् । अटिजम जन्मजातहुने समस्याहो । स्नायू प्रणलीको विकासक्रममाहुने एक प्रकारको विकार हो । रामकाजीकाअनुसार अटिजम भएमाव्यक्तिहरूमा सञ्चार सामाजिकअन्तरक्रियामा कठिनाई हुन्छ । यस्ता व्यक्तिहरूएकोहोरो हुने र एउटै कामलाई पटक पटकगरिरहने उनी बताउछन् । अटिजम भएकाकतिव्यक्तिअत्यन्तै चन्चले हुन्छन् भने कतिव्यक्तिको हिडाई डुलाईमापनि समस्या हुन्छ । उनीहरूको दैनिकीमा त समस्या नै हुन्छ भने उल्लेख गरेको छन् ।
(प्रजापति, २०७५)

एउटै काममाएकोहोरिने लगावहुने भएकाले उनीहरूमा विलक्षण प्रतिभाहुने उनको भनाई छ । कतिको चित्रकलामा, कतिको म्यूजिकमा ,कतिको टेक्नोलोजीमाक्षमता हुन्छ । उनी भन्छिन् अमेरिकाको कम्प्यूटर निर्माण कम्पनीमा अटिजम भएकामानिसलाई खोजी-खोजीजागिर दिने पनिगरिन्छ । अमेरिकाकै अर्को उदाहरण देम्पल ग्रामीण हुन । अटिजम भएकाउनले इन्जिनियरिङ्माख्यातीकमाएको छन् ।उनीहरूलाई क्षमताअनुसारको पढ्ने, सिक्ने वातावरण प्रदान गर्नु पर्छ । अटिजम भएकाहरूले सामान्य स्कुलमा लेखपढ गर्न सक्दैनन् । यस्ता स्कुलमा पढाउदा उनीहरूको समस्याथप जटिल भएर जान सक्नेछन् । (अमात्य, २०७५)

सात वर्ष अघि यस संस्थामाआउदा एक बालक स्थिर बस्नै सकेनन् । दोहोरा कुराकानीगर्दैनथे । आँखाजुधाएर बोल्न सक्दैनथे । तर तीबालक १३ बर्षपछि अष्ट्रिलियाको मेलबर्न पुगे । विकासात्मकअपाङ्गगता सम्बन्धीअन्तर्राष्ट्रिय सम्मेलनमा सहभागीभए । सन् २०१६ माभएको त्यो अन्तर्राष्ट्रियमञ्चमातीबालकले नेपालको प्रतिनिधित्व गरे । आफ्नो सफलताको कथा सुनाए । तीबालकथिएआदेशराजकाफ्ले उनै काफ्ले नेपालको प्रतिनिधित्वगर्दै एक महिना अघि दुवाई पुगे । त्यहाँभएका स्पेसल ओलम्पिकमा १९५ वटा मुलुक सहभागिथिए । उनले फुटसल खेलेर रजतपदकजिते । सविताागर्व गर्छिन । हालबाग्मती छेउ पुरानो सिनामंगल स्थित पेप्सिकोलामा स्थापनागरिएको संस्थाले २८० जनाबालवालिकालाई सेवादिईसकेको छ । अहिले सेवालिन सयौ बालवालिकाप्रतिक्षारत रहेको उनीसुनाउछिन् । (उप्रेती, २०७६)

खासमाहाम्रो समाजले अपाङ्गगताभएकाव्यक्तिहरूलाई बिचराको दृष्टिकोणले मात्र हेरिरहेको छ । अवसर दिएर सक्षमनागरिक बनाउने तिर परिवार तथा राज्यले फिटिक्कै ध्यानदिएको देखिदैन । निशुल्कशिक्षाको अवधारण राज्यले ल्याएपनिअझै पनि ठुलो  सङ्ख्यामागाँउगाउमाअपाङ्गगताभएकाव्यक्तिहरू शिक्षाबाट बञ्चित रहेको छन् । उनीहरूलाई व्यवहारिक तथाव्यवसायिकशिक्षादिदै अवसर दिएमा जटिल ठानिएका कामहरू समेत सहजै पार लगाउन सक्नेछन् । अपाङ्गगताभएकाव्यक्तिहरूलाई सबैलाई संगै घुलमेल गर्दै हरेक काममा संगै सहभागी गराउदाअझ राम्रो नतिजाआउने अपाङ्गगता सम्बन्धी विज्ञहरू बताउछन् । (चौलागाई, २०७६)

बालवालिकाहरूप्रत्येक देशका कर्णधारहरूहुनभविष्यहरूहुन् । जन्मसिद्ध अधिार प्राप्त गर्ने शिक्षामा सबैको पहुँचहुनुपर्दछ । साधारण बालवालिकाहरूहुनचाहे विशेष आवश्यकक्ताशिक्षाप्राप्त गर्ने बालवालिकहरूहुन् सबैको अधिकार शिक्षामा रहनु पर्दछ । अपाङ्गगताको अवस्थाहरू हेरी आवश्यकक्ताअनुसारको उपायहरूअपनाएर तथाआवश्यकअन्य सेवातथा सुविधाहरूप्रदान गरेर हरेक बालवालिकहरूलाई शिक्षाको मुलधारमाल्याई त्यसलाई टिकाउनका लागिउत्पादकत्व बृद्धि गर्ने र जीवनउपयोगीशिक्षाप्राप्त गराउने वातावरण सुनिश्चितगर्नु पर्दछ । (खनाल, २०७२)

जन्मँदा सामान्य रुपमाजन्मिएको छोरा व्यवहार सामान्यबच्चाको जस्तो नहुँदानिकै दुःखभयो । अरु बच्चाले जस्तो दोहोरो संवादनगर्ने, आफ्नो उमेर समूहकाबालबालिकासँगनखेल्ने, घाउ, चोटपटक तथादुखाइप्रतिवास्तानगर्ने, बच्चाको

यस्तो व्यवहार के हो भनीथाहापाउन १५ वर्ष लाग्यो । अटिजम स्नायु प्रणालीको असन्तुलनबाट उत्पन्नभएको विकासक्रमअवरोधसम्बन्धीजन्मजात रोग हो । यसलाई मस्तिष्कविकासको विकार भनिन्छ । यसले मस्तिष्कको सामान्यकार्यहरुलाई प्रभावपार्दछ । यो बच्चातीनवर्षको हुँदा प्रष्ट रुपमाथाहापाउन सकिन्छ । यसका लक्षण फरक-फरक किसिमका हुन्छन् । तर मुख्यतीन कारण भने बुझ्न र प्रयोग गर्न कठिनाइ, सामाजिक सीप बुझ्न र प्रयोग गर्न कठिनाइ र दोहोऱ्याएर गर्ने व्यावहारिक समस्यातथा सोच्न सक्ने क्षमतामाएकरुपतानहुनहो । यसको कुनै मेडिकल उपचार नभएकाले विशेष थेरापी नै यसको उपचार विधिहो ।
(श्रेष्ठ, २०७२)

अटिजम समस्याभएकाबालबालिकाकाअभिभावकद्वारा सञ्चालित एक क्रियाशील संस्थाहो । यसले नेपालमा अटिजम व्यक्ति र उनकाअभिभावकलाई यस बारे विभिन्नतालिम थेरापीको ज्ञान र जानकारी प्रदानगर्दै आएको छ । हालसम्म अटिजमका रोकथामकालागिकुनै थोस विधिपत्तालागेको छैन । अटिजमको कुनै निदाननभएपनि सही थेरापीद्वारा उनीहरुको अवस्थामा धेरै सुधार ल्याउन सकिने यस संस्थाको भनाइ छ ( अटिजम केयर नेपाल, २०६८)


अटिजम भन्ने शब्दहामीमध्ये धेरैलाई थाहानहुन सक्छ । हामीमध्ये केहीले सुनेको भएपनि अटिजमको अर्थ भने थाहानहुन सक्छ । अटिजम, न्युरोडेभलोपमेन्टल समस्याहो । अटिजमको खास कारण भने विश्वमाआजसम्मपनिपत्तालाग्न सकेको छैन । सिडिसीको तथ्यांकअनुसार विश्वमाजन्मिएका ६८ जनाबालबालिकामध्ये एक जनामा अटिजमको समस्या देखिएको छ । जसमध्ये पनि ५ जनापुरुषहुँदा १ जनामात्रमहिलामाहुने गरेको तथ्यांकले देखाएको छ । (पराजुली, २०६९)

**अवधाराणात्मक ढाँचा**

अटिजम सचेतनाकार्यक्रम सञ्चालनगर्दै, विधागत विज्ञहरुको परामर्श लिई उनीहरुका समस्या र चुनौतीको पहिचानगर्दै सो अनुसारको शिक्षा र स्वास्थ्य सेवा पुऱ्याउनआवश्यक छ । विद्यालयमा अटिजम भएकाबालबालिकाकालागिउपयुक्तशिक्षा र स्वास्थ्य, थेरापी सेवाएकसाथउपलब्ध छैन, फरक क्षमता र बौद्धिक अवस्थाअनुसारको शिक्षाको व्यवस्थानभएका कारण उनीहरुको जीवन कष्टकर रहेको छ । विद्यालयले

अटिजम मैत्रीवातावरण, शिक्षा, विभिन्न थेरापी, सीपमूलकतालिमद्वारा बालबालिकालाई आत्मनिर्भर बनाउनु पर्दछ ।

अटिजम भएकाबालबालिकाहरुको प्रकृति र क्षमताअनुसार व्यक्तिगत पाठयोजनानिर्माण गरी श्रव्यदृश्य सामाग्री र कम्प्युटर आदिको प्रयोग गर्रा शिक्षाप्रदान गर्ने, दैनिकक्रियाकलापकालागिआवश्यकतालिम र विभिन्न थेरापीद्वारा बालबालिकाहरुमा सकरात्मक परिवर्तन गराई समाजमापुनर्स्थापना गर्ने कार्यमा सहयोग गर्दै आइरहेको छ । यस संस्थाले सिपमूलकतालिम, अटिजम जनेचेतनाकार्यक्रम, स्वास्थ्य परिक्षण, यातायात सुविधा, पौष्टिक आहार, शैक्षिकभुभाग जस्ता सेवाहरु दिँदै आइरहेको छ ।




**अध्ययनको उपादेयता**

यस अनुसन्धानअध्ययन संग सम्बन्धितआजभन्दा अगाडी तयार पारिएको लेख रचनारुले प्रस्तावितशोधपत्रलाई उद्देश्य अनुसार पुर्णरूपप्रदान गर्न तथाआवश्यकतथ्याङ्कसङ्कलन गर्नमा सयोग पुऱ्याउनेछ । छनोटमा परेका विद्यालयमा अटिजम बालवालिकाहरूको सिकाइप्रक्रियाको अवस्थापत्तालगाई त्यस कठिनाईहरूलाई

सामधान गर्ने बारेमाअध्ययन अनुसन्धानगरि अनुसन्धानकार्यलाई अन्तिमरूपप्रदान गर्नमाथप सहयोग पुग्नेछन् ।

यस विषय सँग सम्बन्धित रहेर आजभन्दा अगाडि विभिन्नखोजकर्तारुले पत्तालगायकातथ्यहरूलाई अध्ययनएवंम् विश्लेषण गरि अभ्रुत्यसमाभएकाकमिकमजोरीहरूलाई सुधार गरी अगाडी लैजानथप मद्दत यस अध्ययनबाट मिल्नजानेछन् । अटिजम भएकाबालवालिकाले वर्तमान समयमासिकाई प्रक्रियामासामनागर्दै आएका कठिनाईहरूलाई पत्तालगाई आवश्यकक्ताअनुसार उपचार र न्युनिकरण गर्ने तरिकाहरूखोजीगर्न र आवश्यक पृष्ठपोषण प्रदान गर्नमा यस अध्ययनको ठुलो भूमिका रहेने छन् । अटिजम सम्बन्धीख्यातिप्राप्तव्यक्ति, डक्टर लगायतअनुभवीव्यक्तिरु द्वाराआएको निर्ष्कष माथिगहनअध्ययन, अनुसन्धानगर्दै त्यसमा छुट्न गएका कुराहरूलाई  नियाल्दै अभ्रुउपयुक्ततथ्यनिकाली अटिजमका समस्याहरूव्यवस्थापन गर्नमाथप सहयोग मिल्नेछन् ।

# एकाई तीन

## अध्ययनको विधिहरू

यस अध्ययनमा अनुसन्धनको क्रममाप्रयोग गरिने अध्ययनप्रकृयाहरूबारेमा छलफल गरिएको छ । यस अध्ययनमा अनुसन्धनको दाँचा, अध्ययनको जनसंख्या र नमुना छनोट, तथ्याङ्कको स्रोतहरूअध्ययनका साधनहरू, तथ्याङ्क संचालनकाप्रकृया, तथ्याङ्कविश्लेषणका प्रकृया बारेमाउल्लेख गरिएको छ ।

### अनुसन्धान ढाँचा

काठमाडौंजिल्लाको पुरानो सिनामंगलअवस्थित अटिजम विद्यालयतथापुनस्थापना केन्द्रमा रहेका अटिजम बालवालिकाहरूको सिकाइप्रक्रियापत्तालगाउनअध्ययनकालागिआवश्यक पर्ने प्राथमिकतथ्याङ्कको सङ्कलन अटिजम केन्द्रमा रहेको अनुभवीव्यक्तिलाई नमुना छनोट गरि अर्न्तवार्ता, प्रश्नवली र अवलोकनको माध्यमबाट सुचनासङ्कलनगरिएको छ । यस अध्ययनकार्य पूरा गर्न गुणात्मक तथ्याङ्कप्रयोग गरिने छ । यस अध्ययनकार्यलाई सम्पन्न गर्न गुणात्मक तथ्याङ्कको समेत सङ्कलन र विश्लेषण गरि यस अध्ययनको समस्यापत्तालगाई सुझाव प्रस्तुत गर्न गुणात्मक अनुसन्धानात्मक ढाँचा अपनाईएको छ ।

### अध्ययनको जनसङ्ख्या र नमुना छनोट

काठमान्डौं जिल्लामा सञ्चालित अटिजम अपाङ्गबालवालिकाहरूलाई समेत शिक्षामा लैजाने उद्देश्य लिएर बालवालिकाहरूको लागिविभिन्नकक्षाहरू सञ्चालन गरेको पाईन्छ । यस अध्ययनले अटिजम बालवालिकाहरूको सिकाई प्रक्रियालाई पत्तालगाउने र व्यवस्थापन गर्ने आशा राखिएको छ । अध्ययनकार्यलाई उद्देश्य अनुसार पूर्ण रूपप्रदान गर्नको लागिकाठमाडौं स्थित पुरानो सिनामंगलरहेको अटिजम विद्यालयतथापुनस्थापना केन्द्रमा रहेको वि.व्य.स., अभिभावक, प्र.अ., शिक्षकहरूलाई नमुना छनोट विधिको आधारमाअध्ययनको जनसङ्ख्याको रूपमा छनोट गरि अध्ययन अनुसन्धनगरिएको थियो ।

**तथ्याङ्कको स्रोतहरू**

कुनै पनिविषयवा समस्याको बारेमाखोज अनुसन्धानगर्दा विभिन्न स्रोतहरूलाई आधार मानिएको हुन्छ । यसै गरि यस शोधअध्ययनको क्रममापनिप्राथमिकतथाद्वितीयगरि तथ्याङ्ककादुईवटा स्रोतलाई अवलम्बनगरिएको थियो ।

*प्राथमिक स्रोत*

प्राथमिकतथ्याङ्कका स्रोतकारूपमा यस अध्ययन क्षेत्रकानमुना छनोटमा परेका व्यक्तिहरू रहेका छन् । जसमा छलफल, अवलोकन, अर्न्तवार्ता, प्रश्नवली, प्रयोगात्मक परिक्षण र स्थलगत परिक्षणहरूलाई तथ्याङ्क स्रकलनप्रक्रियाको प्राथमिक स्रोतको रूपमालिईएको थियो ।

*द्वितीय स्रोत*

अध्ययनकार्यलाई प्रभावकारी बनाउनद्वितीय स्रोतहरूमा सम्बन्धित क्षेत्र वाविद्यालयको अभिलेख, विद्यालयले प्रकाशन गरेका किताबहरू, पत्रपत्रिका, पूर्व प्रकाशित लेख रचनाहरू, अनलाई स्रोतहरूलाई लिईएको थियो ।

**अध्ययनको साधनहरू**

अध्ययन अनुसन्धान गर्ने क्रममातथ्याङ्कसङ्कलनकालागि अनुसन्धानकर्ताको भावना, कल्पनालाई मात्रप्रयोग गरेर उद्देश्य अनुसार तथ्यसङ्कलन गर्न नसकिने हुँदाआवश्यक साधनको निर्माण गर्नु आवश्यक छ । उद्देश्य अनुसार तथ्याङ्कसङ्कलन गर्ने भनिनिर्माण गरिएको खाकालाई नै अध्ययनको साधन भनिन्छ । प्रस्तावितशोधपत्रतयारीकाक्रममानिम्नअनुसारका अध्ययनका साधनहरूको प्रयोग गरिएको थियो ।

*अर्न्तवार्ता (अभिभावक), प्रश्नावली (प्र.अ.)*

अध्ययनलाई पूर्णताप्रदान गर्नका लागिअर्न्तवार्ता अभिभावकलाई र प्रश्नवली प्र.अ. माप्रयोग गरिएको छ । अर्न्तवार्ता प्रश्नवलीको प्रयोग अटिजम बालवालिकाकोसिकाइप्रक्रिया र सामना गरेका समस्या, कारण, रोकथामकाबारेमा

सुचनासङ्कलनको लागिगरिएको छ । यस अध्ययनकार्यमाकाठमाडौं पुरानो सिनामंगलस्थित अटिजम विद्यालयमा सम्बन्धितव्यक्तिहरूलाई उद्देश्य अनुसारका छुट्टा छुट्टै अर्न्तवार्ता र प्रश्नवलीनिर्माण गरि तथ्याङ्कसङ्कलनगरिएको थियो ।

***अवलोकनफारम***

अर्न्तवार्ता प्रश्नवलीबाट प्राप्तहुननसकेका तथ्याङ्कहरूलाई अनुसन्धानकर्ता प्रत्यक्षउपस्थितभएर छनोटमा परेका विद्यालयमा अटिजम अपाङ्गबालवालिकाहरूको सिकाई प्रक्रियाको अवस्थाहरु के-के छन्‌भन्ने बारेमाअवलोकन गर्नुका साथै विद्यालयका प्र.अ., अभिभावक, विद्यार्थी तथा स्रोत व्यक्तिहरू संग आवश्यक छलफल गरि तथ्याङ्कसङ्कलनगरिएको थियो ।

**तथ्याङ्क सङ्कलन प्रक्रिया**

यस शोधपत्रतयार गर्ने क्रममाप्राथमिक सुचनाहरूसङ्कलनकालागि छनोट गरिएको विद्यालयका प्र.अ., शिक्षक, अभिभावक, वि.व्य.स.अध्यक्ष र विद्यार्थीसंग अनुसन्धानकर्ताले प्रत्यक्ष भेटगरि अनुसन्धानकालागितयार पारिएको प्रश्नवलीभरि तथ्याङ्कसङ्कलनगरिनेछ । जसलाई अनुसुचीमा समावेश गरिने छ । त्यसै गरि द्वितीय सुचनाहरूसङ्कलनकालागिविभिन्न लेख रचनाहरू, पत्रपत्रिका, शोधपत्र, अनलाईन आदिलाई लिई तथ्याङ्कसङ्कलनगरिएको थियो ।

**तथ्याङ्क विश्लेषण प्रक्रिया**

विभिन्न स्रोतबाट प्राप्ततथ्याङ्कहरूलाई सहि रूपले बुझ्नको लागियसको विश्लेषण गरिनु आवश्यक हुन्छ । प्राप्ततथ्याङ्कहरूमध्ये कतिपय अस्पष्ट, अव्यवहारिक र अनावश्यकपनिहुन सक्छ । जसलाई प्रशोधनतथा परिमार्जन गरेर स्पष्ट, अर्थपूर्ण र व्यवहारिक बनाउनु पर्दछ । कुन उद्देश्य प्राप्तिकालागिअध्ययनगरिने छ, अध्ययनको प्राप्ति कस्तो रह्यो, प्राथमिकतथाद्वितीय स्रोतबाट नतिजाहरू सहि रूपमाआउन सके वा सकेन भन्ने कुराको विशेष अध्ययनगरिएको थियो ।

## एकाई चार

## तथ्याङ्कको व्याख्यातथाविश्लेषण

कुनै पनिअध्ययन अनुसन्धानलाई प्रभावकारी, उद्देश्यमूलक र परिणाम मुखीबनाउनको प्राप्ततथ्याङ्कलाई व्याख्या, विश्लेषण र तालिकिकरण गरिनु पर्छ। अध्ययनप्रतिवेदनतयार गर्ने क्रममानिर्माण गरिएको साधनतथाप्रश्नहरूको आधारमा सम्बन्धित क्षेत्रमातथ्याङ्क सङ्कलन, अध्ययनतथाअवलोकन गरिसके पश्चात् उक्ततथ्याङ्कलाई व्याख्यातथाविश्लेषण गर्नु आवश्यक हुन्छ। अध्ययनकार्यको मुख्यउपलब्धिभनेको नै प्राप्तभएकातथ्याङकहरूको आधारमाव्याख्यातथाविश्लेषण गर्नु हो। त्यसकारण यस अध्ययनलाई पनि उद्देश्यमूलक र प्रभावकारी बनाउनको लागिविभिन्नप्याराग्राफद्वारा स्पष्ट पार्ने प्रयास गरिएको छ।

### अटिजम भएका बालबालिकाहरूले सिकाई अवस्था

अटिजम भएकाबालबालिकाहरुको प्रकृति र क्षमताअनुसार व्यक्तिगत पाठयोजनानिर्माण गरी श्रव्यदृश्य सामग्री, तस्विर र कम्प्युटर आदिको प्रयोग गरी शिक्षाप्रदान गर्ने, दैनिकक्रियाकलापकालागिआवश्यकतालिम र थेरापीद्वारा शिक्षण सिकाई गराउन सकेमा अटिजम बच्चाको व्यवहारमा परिवर्तन ल्याउन सकिन्छ।

*सिकाईको अवस्था*

मस्तिष्क र स्नायु कोषहरूको स्वाभाविकविकासक्रममाहुने असमानअवस्थाको रूप अटिजम हो। अटिजमलाई नेपालीमाआत्माकेन्द्रितव्यवहार भनिन्छ। व्यक्तिको मस्तिष्कमा स्नायु कोषको सञ्जालले राम्रो सँग कामनगरी सुचनाप्रशोधनमाबाधाउत्पन्नहुदा सामाजिकक्रियाकलाप र सञ्चारसीपको विकासमा असर पुग्छ। जसले गर्दा सञ्चारमाविचलनहुने, सामाजिक रूपमाघुलमिल हुननसक्ने, पुनरावृतिहुने, एकोहोरोपन हुनेजस्तामुख्य लक्षण देखिन्छन्। अटिजम रोग होइन, बौद्धिक अपाङ्तापनिहोइन, मस्तिष्कको एउटा विशेष अवस्थाहो। जुनअसमान्य र अस्वीकृत व्यवहारको रूपमा देदा पर्दछ। यस अध्ययनको लक्षित क्षेत्रअनुसार अटिजम

भएकाबालबालिकाहरूको सिकाइअवस्थालाई हेर्दा २० जना अटिजम बालबालिकाहरूको समग्र विवरण निम्नानुसार पाइएको छ । जम्माA, Bर Cकक्षामाविभाजन गरी कक्षा सञ्चालनगरिएको पाइयो । कक्षाकोठामा सबै प्रकारका (लेबल १, २, ३) का अटिजम बच्चाहरु मिलाएर हेरचाह र सिकाई गरेको पाइयो । यस अध्ययनक्षेत्रमा रहेका अटिजम बालबालिकाहरुको सिकाइअवस्थालाई हेर्दा Aकक्षाकाविद्यार्थीहरुले सामान्य पढ्न, लेख्न र गर्न लगाएको काम सजिलै गर्न सक्ने पाइयो, Bकक्षाकाविद्यार्थीहरुले Aकक्षाजति पढ्न र लेख्न र दिइएको काम गर्न नसक्नेपाइयो र Cकक्षाकाविद्यार्थीहरुले पढ्न लेख्न गाह्रो मान्ने शिक्षकले बढी मात्रामा हेरचाह गर्नुपर्ने पाइयो ।

यस अटिजम विद्यालयको सम्पूर्ण बालबालिकाहरुको सिकाई अवस्थालाई बुझ्न यस विद्यालयकाशिक्षक, अभिावक र वि.व्या.स.को दृष्टिकोणलाई सारांशमाभन्नुपर्दा यस SSDRCमाअध्ययनरत अटिजम भएकाबालबालिकाहरु जम्मा २० जना रहेको पाइयो । जसमा Aकक्षामा ८ जनाB कक्षामा ६ जना र Cकक्षामा ६ जना रहेको भेटियो । अटिजम भएकाबालबालिकाहरुले सामना गरेका कनिनाईहरुमा सञ्चार सीप, सामाजिक घुलमिल, व्यवहार दोहोऱ्याउने समस्यापाइयो । त्यसैगरी विभिन्नशास्त्री, मनोविज्ञानको सिद्धान्त अनुसार अटिजम एउटा न्यूरोलोजिकल समस्या रहेको कारण बालबालिकाहरुमाउचितकिसिमको स्याहार, उपचार गर्ने सकेमाव्यवहार सुधार लई सिकाईको अवस्था राम्रो बनाउन सकिन्छ भन्ने तथ्यहरु रहेका छन् । तसर्थ सारांश र सिद्धान्त अनुसार अटिजमको सिकाईको अवस्थामा मेल हुनगयो । अटिजम भएकाबालबालिकाहरुलाई सिकाई प्रक्रियामा शिक्षण गर्दा पर्ने समस्याहरु पाठ्यपुस्तक अटिजम मैत्रीनहुनु, शैक्षिक सामग्री धेरै बनाउनुपर्ने जस्ता समस्याहरु पाइयो ।

यस अध्ययनकाआधारमा अटिजम बच्चाको सिकाई अवस्था सुधार गर्न बालबालिकाको लेबलअनुसार राखेर सिकाइ गराउन सकेमाविस्तारै बालबालिकाको सिकाइ सँगै व्यावहार सुधार गर्न सकिने जानकारी पाईयो ।

*कठिनाईहरु*

अटिजम भएकाव्यक्तिहरुमाव्यवहारमा देखिने समस्याजीवनभर रहन्छ । तर केहीव्यक्तिहरुमाउच्च शैक्षिकक्षमतापाइएपनि केहीमाबौद्धिक अपाङ्गता समेत भेटिन्छ । हरेक व्यक्तिमाअलगअलग लक्षण हुने र अटिजम बालबालिकाजन्मेको ६ महिना देखि तीनवर्ष सम्ममा लक्षण प्रष्ट हुन्छ । वयस्कअवस्थामाविभिन्न रुपमा रहन्छ यो निको हुँदैन । अटिजम बालबालिकाहरुमानिम्न कठिनाइहरु हुने गर्दछ जस्तै सञ्चार सीप, सामाजिक घुलमिल, व्यवहार दोहोऱ्याउने, एकोहोरोपन र आँखामाआँखाजुधाउननसक्ने ।

उप्रेती (२०७९) ले हाल २० जना अटिजम रहेतापनिवर्षे पिच्छे अटिजम बालबालिकाभर्ना वृद्धि हुदै गएको बताएको पाईयो । अटिजम बालबालिकाहरूले सामना गरेका कठिनाईहरू भित्र सञ्चार सीपमा, सामाजिक घुलिमिलमा व्यवहार दोहोऱ्याउने, एकोहोरोपन रहेको पाईयो । यस मध्ये सबैभन्दा बढी सञ्चार सीपमा कठिनाई रहेको पाइयो ।

अटिजम बालबालिकाहरुमा धेरै कठिनाईहरु देखा परिरहेको हुन्छ । जसमध्ये व्यत्तिःको व्यवहारमा देखीने प्रत्यक्ष सञ्चार सीप, सामाजिक घुलमिल, पटक-पटक व्यवहार दोहोऱ्याउने, एकोहोरोपन आदी समस्याले गर्दा जीवनमा धेरै समस्याहरु भोगिरहेको पाइन्छ । विभिन्नदर्शन शास्त्रीहरुको सिद्धान्तअनुसार अटिजम बालबालिकाहरुमा यस्ता कठिनाईले गर्दा सामान्यव्यक्तिको तुलनामा अटिजमबच्चाको जीवन शैली कष्ठकर बनिरहेको हुन्छ । तसर्थ माथिका सारांश र विभिन्न सिद्धान्तको मेल हुनगएको छ ।

यस अध्ययनकाआधारमाप्राप्ततथ्याङ्कलाई विश्लेषण गर्दा अटिजम भएकाबालबालिकाहरूको कठिनाई आइपर्नुको मुख्य कारण गर्भावस्थामाआमाको लापरबाही, वंशाणुगत, गुण दुबै घटना आदिपाइयो । अटिजम भएकाव्यक्तिहरूमा देखिने फरक खालका समस्या र चुनौतीहरूको पहिचान गरी उनीहरूको अवस्था

अनुरूपको शिक्षा, थेरापी, तालिकाआदिदिननसक्नाले अटिजम भएकाबालबालिकाहरूले सामना गरेका कठिनाइहरू समाधान गर्ने सकिरहेको छैन ।

*पढाईप्रतिको अभिरूची*

कुनै पनिविषयवस्तुको बारेका पूर्ण रूपमा ज्ञान हासिल गर्नको लागिव्यक्तिवासिकारू स्वयम त्यस विषयप्रतिअभिरूचीहुनु आवश्यक हुन्छ । जबसम्मसिकारू स्वयमसिक्नको लागितत्पर रहदैन तब सम्म प्रभावकारी रूपले पूर्ण सिकाई असम्भवहुने भएकाले यस अध्ययनमा रहेका २० जना अटिजम बालबालिकामध्ये ८ जनाबच्चाहरूले पढाइप्रति रूची देखाएको पाइयो । ६ जनाबच्चाले पढाई प्रतिकम रूची देखाएको पाइयो, ६ जनाबच्चाले पढाईप्रति रुचि नै नदेखाएको पाइयो ।

तामाङ (२०७९) का अनुसार काठमाण्डौजिल्लामागरिएको एक अध्ययनमाजम्मा अटिजम बालबालिकाहरू मध्ये कमै मात्रामामात्रै विद्यार्थीहरूले पढाई प्रतिअभिरूची राख्ने गर्छ भने, प्रस्तुतअध्ययनमालक्षित समूहमध्ये पढाईप्रति रूची राखेको ८ जना, पढाइप्रति अलिकम रूची देखाउने ६ जना र पढाई प्रति रूची नै नदेखाउने ६ जनाबालबालिकापाइयो । यस तथ्याङ्कलाई हेर्दा अटिजम बच्चालाई पनिअनुकुलवातावरणमा राखेर सिकाइ गराएमा पढाईप्रतिअभिरूची राख्ने गरेको पाइयो ।

सारांशमामाथिकाभनाईलाई सम्बोधनगर्दा अटिजम भएकाबच्चाहरुले पढाई प्रति रुचि राख्नको लागिकक्षाशिक्षकले धेरै कुराहरुको व्यवस्थापनगर्न सकेमा पढाईमाचासो राख्ने गरेको पाइयो । कतिपय अटिजम बच्चालाई सम्हालेर राख्न नि धेरै गाह्रो पर्ने भएको भेटियो, वैज्ञानिकहरुले सिद्धान्त अनुसार पनि अटिजम बच्चालाई पढाईमा आवद्ध गराउन धेरै शैक्षिक सामग्री र प्रविधिहरुको व्यवस्था गर्नुपर्ने हुन्छ । तसर्थ सारांश र सिद्धान्त एक अर्कामा मेल हुनगएको छ ।

कुनैपनिविषयको बारेमा ज्ञान हासिल गर्नको लागिसिकारु आफै जिज्ञासु र चासो रहने भने सिकाई गर्न धेरै समस्याआइपर्दछ भन्ने निष्कर्ष यस सारांशबाट बुझिन्छ ।

*सिकाई प्रक्रियामा संस्थाको सेवाहरु*

संस्था अटिजम भएकाबालबालिकाहरुको प्रकृति र क्षमताअनुसार व्यक्तिगत पाठयोजना निमार्ण गरि श्रव्यदृश्य सामाग्री, तस्विर र कम्प्युटर आदिको प्रयोग गरी शिक्षाप्रदान गर्ने, दैनिकक्रियाकलापकालागिआवश्यकतालिम र विभिन्न थेरापीद्धारा बालबालिकाहरुमा सकारात्मक परिर्वतन गराई समाजमापुनस्थापना गर्ने कार्यमा सहयोग गर्दै आइरहेको छ । बालबालिकाहरुले सिकाइप्रक्रियामापाएका सेवाहरु जस्तै विशेष शिक्षा : देनिकक्रियाकलापतालिम, व्यक्तिगत पाठयोजना, तस्विर, कम्प्युटर द्धारा शिक्षण त्यसैगरी अटिजम जनचेतानाकार्यक्रम, स्वास्थ्य परिक्षण, यातायातको सुविधा, पोष्टिक आहारा, अतिरिक्तक्रियाकलाप, परामर्श सेवा, कम्प्युटर ल्याव र शैक्षिक भ्रमण रहेका छन् ।

यस विद्यालयमाजम्मा २० जना अटिजम बच्चामध्ये धेरै जसोले पढाइप्रति ध्यानदिने र कमविद्यार्थी पढाइमा वास्ता नै नगर्नै प्रवृत्तीको पाइयो । विद्यालयको भौतिक संरचना, पूर्वाधारहरु, कक्षाकोठाको व्यवस्थापन, शौचालय, खानेपानी, खेलमैदान, व्यवस्थितकिसिमको रहेको र शिक्षकहरु सँधै सक्रिय रुपमा खटेको भेटियो । त्यसैगरी विद्यालयले भविष्यमाकामलाई अझै व्यवस्थितबनाउने, सेवालाई निरन्तरतादिने, थेरापीको डिपार्टमेन्ट थप्ने आदिकार्ययोजनाबनाएको पाइयो । विद्वानहरुको विभिन्न सिद्धान्तले संस्थाले दिने सेवाहरु फरक तरिकाले राखेको हुनाले सारांश र सिद्धान्त विचमा वेमेल हुनगएको छ ।

यस विद्यालयले अटिम बालबालिकाहरुको सिकाई प्रक्रियालाई व्यवस्थित र मजबुदबनाउनआगामीदिनमाअझै राम्रो सेवाहरु प्रदान गर्ने र अटिजम बच्चाहरुलाई सिकाईमा संलग्न गराउनशिक्षकले विभिन्नक्रियाकलाप र प्रयासबाट पढाईप्रतिआकर्षित गराएको र विद्यार्थीलाई हौसलापूर्ण र मुख्यजिम्मेवारीको भुमिकानिर्वाह गरेको पाइयो ।

*विद्यालयको संरचनागतिविधि*

अटिजम भएकाबालबालिकाहरूले अत्याधिक समयविद्यालयमा नै विताउनु पर्ने भएकाले भौतिक संरचना र त्यहाँका सम्पूर्ण गतिविधिहरु राम्रो हुनआवश्यकछ । यस अधययनकालागि छनोट गरिएकाउत्तरदाताहरुमध्ये १ जनाशिक्षक, १ जनावि.व्य.स. र स्वयमआफैले अवलोकन गर्दाविद्यालयकाबारेमा स्पष्ट विवरणहरु पाइयो ।

विद्यालयभवन र घेरावारा उत्तमकिसिमको कक्षाकोठाको आकार मध्यम, कक्षाकोठाको आकार र विद्यार्थीको बसाई, डेकस, बेन्च, सेतोपाटी रखाई, शैक्षिक सामग्रीको व्यवस्था हेर्दा उत्तमकिसिमको पाइयो । शौचालय र खानेपानी, खाजा घर उत्तम र व्यवस्थितकिसिमको पाइयो । कक्षाकोठामा शिक्षकहरुको सक्रियताभएको र विद्यालयमा नै प्राथमिकउपचार समेत भएको जानकारीहरु पाइयो ।

उप्रेती (२०७९) अनुसार :

> संस्था अटिजम भएकाबालबालिकाहरुको प्रकृति र क्षमताअनुसार व्यक्तिगत पाठयोजनानिर्माण गरी श्रव्यदृश्य सामग्री, तस्विर र कम्प्युटर आदिको प्रयोग गरी शिक्षाप्रदान गर्ने, दैनिकक्रियाकलापकालागिआवश्यकतालिम र विभिन्न थेरापीद्वारा बालबालिकाहरुमा सकारात्मक परिवर्तन गराई समाजमापुनस्थापना गर्ने कार्यमा सहयोृग गर्दै आइरहेको छ ।

विद्यालयको सम्पूर्ण भौतिक संरचना, पूर्वधारहरु, कक्षाकोठाको व्यवस्थापनआदी सबै अटिजम मैत्री, व्यवस्थितकिसिमको रहेको संस्थाले भविष्यमा गर्ने कामको योजनालाई व्यवस्थितबनाउने, जनचेतनामुलककार्यक्रम गर्ने । विद्यालयमा सरोकारवालहरुको भुमिकासँगै अटिजम वालवालिकालाई दैनिकक्रियाकलापकालागिआवश्यकतालिम र विभिन्न थेरापीहरुबाट व्यवहारमा सुधार हुँदै गएको भेटियो । माथिकातथ्य र सिद्धान्त अनुसार अटिजम वच्चाले उपयुक्तवातावरण पाउन सकेमाउनिहरुको व्यवहारमा परिवर्तन ल्याउन सकिन्छ भन्ने कुरालाई मिल्नगएको छ ।

अटिजम बालबालिकाहरुलाई धेरै हेरचाह गर्नुपर्ने भएकाले अत्याधिक समय विद्यालयमा राख्नुपर्ने हुनाले विद्यालयको सबै भौतिक संरचना र त्यहाँका सम्पूर्ण गतिविधिहरु राम्रो हुनआवश्यकछ ।विद्यालयको संरचना, वातावरण।ा राम्रो बनाउन सकेमा अटिजम बालबालिकालाई हेरचाहसँगै व्यवहार परिवर्तन गर्नमाथप मद्दत पुग्नेछ ।

**अटिजम भएकाबालबालिकाहरूकोसिकाईमासरोकारवालाहरूको भूमिका**

अटिजम भएकाबालबालिकाहरुको सिकाई र व्यवहारमा परिवर्तन ल्याउन सम्बन्धितव्यक्तिमा सरोकारवालाहरुको प्रमुखभुमिका रहन्छ ।

*शिक्षकको भूमिका*

बालबालिकाहरू विद्यालयमाप्रत्यक्ष रूपमाशिक्षक सँग सम्पर्कमा रहेको हुन्छ । अटिजम बालबालिकाहरू प्रतिशिक्षकको राम्रो व्यवहारले उनीहरूको व्यवहारमाविकास हुनगई आत्मानिर्भर बन्न सक्दछ । यस अध्ययनको सिलसिलामा अटिजम बालबालिकाहरूलाई शिक्षकहरूले के कस्तो भूमिका खेल्नुभएको छ भनीशिक्षक, प्र.अ लाई सोध्दानिम्नजवाफपाइयो । जसलाई तलको प्यारागाफमाव्याख्यागरिएको छ ।

अटिजम भएकाबालबालिकाहरुलाई पढाउन सहज छ वा छैन भन्ने प्रश्नको जवाफमाकक्षाशिक्षककाभनार्य अनुसार :

> धेरै समस्या हुन्छ किनभने उनीहरु पढाईप्रति रुचि नै राख्दैन । धेरै प्रयासहरु गर्दा मात्रसिक्नलाई तयार हुन्छ । तर पनि मैले अटिजम बच्चाहरुलाई पढाउन पाउँदाएकदम आत्मसन्तुष्टि छु र यसलाई मैले सेवाकोरुपमालिएको छु भन्ने कुरा बताइन । कक्षा समयमा रहँदाविद्यार्थीको व्यवहार र पढाईलाई सुधार्नको निम्ति म साथी, अभिभावक, शिक्षक र सहयोगीको भूमिकाकोरुपमा रहेर कामगरिरहेको छु भन्ने बताएको पाइयो ।

यस अध्ययनको अनुसन्धानपश्चात अटिजम भएकाबालबालिकाहरुको हेरचाहगर्दा शिक्षकले बच्चालाई हौसलादिने (धन्यवाद, स्याबास, तालीबजाउने, गीतगाउने, नाच्ने) आदिक्रियाकलाप गराएर बच्चाहरुको हेरचाहभई व्यवहार सुधार गर्ने राम्रो अवसर भइरहेको देखिन्छ।

यस अध्ययनको अनुसन्धानपश्चात अटिजम भएकाबालबालिकाहरू प्रतिविद्यालयमाशिक्षकले राम्रो व्यवहार गरेको हुनाले अटिजम बालबालिकालाई हेरचाहभई व्यवहार सुधार गर्ने राम्रो अवसर पाएको देखिन्छ। बालबालिकाको दोस्रो अभिभावक नै शिक्षकभएको हुनाले विद्यालय समयमाउनीहरुको धेरै ख्याल गर्ने। विभिन्न सामाग्री र माध्यमहरुबाट व्यवहारमा सुधार गरी अटिजम बच्चाको जीवनशैलीमा सहयोग पुऱ्याई दिनुपर्दछ।

*अभिभावकको भूमिका*

कुनै पनिबालबालिकाहरूको व्यवहारमा सकारात्मक परिवर्तन ल्याउनकालागिअभिभावकको महत्त्वपूर्ण भूमिका रहेका हुन्छ। अभिभावकको बालबालिकामाथि गर्ने सकारात्मकव्यवहारले बच्चाको शारिरिक, मानसिकवा शैक्षिकपक्षको विकास हुनगई एक असलनागरिक बन्न सक्छ। यस अध्ययनको लागि छनोट गरिएको २० जना अटिजम बालबालिकाहरूलाई अभिभावकले कस्ता व्यवहार गर्नुहुन्छ र भूमिका के छ भनि सोध्दा उनीहरूबाट प्राप्तभएको जवाफ यस प्रकारको पाइयो। जस्तै : पर्याप्त समय दिने, खेल सामग्री जुटाईदिने, बच्चालाई पेसामूलकतालिम, केयर गर्ने, स्वास्थ्य परीक्षण गराउने र हौसला, मायादिने।

माथिकातथ्यहरुकाआधारमा अटिजम बालबालिकाप्रतिअभिमभावकले गर्ने व्यवहार राम्रो रहेको पाइयो। बच्चालाई पर्याप्त माात्रमा समयदिएर ख्याल गर्ने, थेरापी, तालिम, खेल सामग्रीउपलब्ध गराई व्यवहारमा सुधार गर्ने, समय-समयमा स्वास्थ्य परीक्षण गराउने भन्ने कुराको जानकारी पाइयो। यस अध्ययनबाट आएकाजवाफलाई विश्लेषण गर्दा प्राय: सबै अभिभावकले अटिजम बच्चाहरुप्रति सकरात्मक रहीबच्चाको जीवनशैलीमा सहयोग पुऱ्याइरहेको पाइयो।अझै अटिजम

बच्चाहअरुको बानी, व्यहवारमा सुधार ल्याई बच्चाको जीवन शैलीमा सरल बनाउनअभिभावकले बच्चाको समस्यालाई परीक्षण गरी सुधार गर्ने उपायहरु खोजीगर्दै सम्पूर्ण अभिभावकको जिम्मेवारी बहन गर्न सकेमा अटिजम बच्चाको व्यवहारमा परिवर्तन ल्याउन सकिनेछ ।

*वि.व्य.स. को भूमिका*

कुनै विद्यालयहरूमाविद्यार्थीका निम्तिवि.व्य.स.ले विभिन्न क्षेत्रमा सहयोग पुऱ्याइरहेको हुन्छ । यस अनुसन्धानकाक्रममावि.व्य.स.ले के कसरी सहयोग पुऱ्याइरहेका छन र बालबालिकाहरू प्रति कस्तो व्यवहार गर्छन्भनिप्रश्नगर्दा निम्नजवाफ भेटिए जस्तै : खेलकुदतथा शैक्षिक सामग्रीप्रदान, भवननिर्माण, आर्थिक सहयोग गरेर, विभिन्नकार्यक्रम गरेर र अटिजम बच्चाहरुलाई भर्ना लिएर ।

माथिकाउल्लेखिततथ्यहरुलाई व्याख्यागर्दा वि.व्य.स.ले अटिजम बालबालिकाहरूको निम्ति पुऱ्याएको सहयोग के कस्तो छन भनिप्रश्नगर्दा खेलकुदतथा शैक्षिक सामग्रीप्रदान गरेर सहयोग पुऱ्याएको भवन, जग्गानिर्माण जुटाएको, आर्थिक सहयोग,विभिन्नकार्यक्रम गराएर र अटिजम बच्चाविद्यालयमाभर्ना लिएर सहयोग गरेको गरेको पाइयो ।

अन्तरिम संविधान (२०६३) का अनुसार अपाङगवाअशक्तव्यक्तिलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको संरचनामा सहभागिहुने अधिकार हुनेछ भन्ने कुरा उल्लेख छ भने यस तथ्याङ्ककाआधारमावि.व्य.स.ले प्रायविभिन्न क्षेत्रमा साथ सहयोग गरिरहेको पाइन्छ जसको आधारमावि.व्या.स विद्यालयमा रहेका सबै अटिजम बालबालिकाहरूप्रति गर्ने व्यवहार सकरात्मक देखिन्छ । यस संस्थाकाअध्यक्ष भन्नुहुन्छ “जनचेतनाको अभावका कारण अटिजम भएकाबालबालिकाहरु शिक्षा र स्वास्थ्य सेवाबाट बञ्चितभइरहेको अवस्था छ । अटिजम सचेतनाकार्यक्रम सञ्चालनपहिचानगर्दै सो अनुसारको शिक्षा र स्वास्थ्य सेवा पुऱ्याउनआवश्यक छ ।” तसर्थ अटिजम बच्चालाई नेपालमाअझैसम्मशिक्षा, स्वास्थ्यबाट बञ्चित गराइएको अवस्था छ । यसको निम्ति सम्पूर्ण अभिभावकहरुलाई

जनचेतना, परामर्श दिई अटिजम बच्चाको रेखदेखमाथप सहयोग पुऱ्याउनआवश्यक देखिन्छ ।

**सिकाई प्रक्रियामा संस्थाले गरेको उपलब्धीहरु**

बालबालिकाको शिक्षा अटिजम विद्यालयमा नै उपलब्ध गराउनु आवश्यक ठान्दै अटिजम मैत्रीवातावरण, शिक्षा, विभिन्न थेरापी, सीपमूलकतालिमद्वारा शारीरिक तथाबौद्धिक रुपले सक्षमबनाउँदै अटिजम बच्चाको उद्धार गर्नु यस संस्थाको अभियानहो । यस विद्यालयले अटिजम बालबालिकाहरुको सिकाईमाहालसम्मविभन्नि क्षेत्रमाप्रयास र उपलब्धीगर्दै आएको छ ।

***सेवा***

स्थापनाकालदेखि हालसम्म ३०० जनाबालबालिकाहरूलाई सेवाप्रदानगरियो, फिजियो थेरापी, अकुपेशनल थेरापी, स्पिच थेरापी, स्पर्श थेरापी, नृत्य थेरापी, एबिएथेरापी, आर्ट थेरापी, म्युजिक थेरापी, योगाआदि १५३५ जनालाई प्रदानगरियो ।शिक्षा, स्वास्थ्य सेवा, थेरापी र सीपमूलकतालिमद्वारा जीवनमा सकरात्मक परिवर्तन भई ४० जनाबालबालिकाविद्यालयशिक्षाकालागिमूलधारका विद्यालय पठाउन सफल, जसमाआदेशराजकाफ्ले भक्तपुरको रेन्वो ईङलिस बोडिङ्ग स्कुलको कक्षा ८ को परीक्षामाउत्कृष्ट १० मा पर्न सफल ।

***कार्यक्रम***

विशेष स्कुलतथापुनर्स्थापना केन्द्रमाकर्मचारी, स्वयम् सेवकतथाअभिभावकसहितको सहभागितामा १० वटापुनर्ताजकीकार्यक्रम सञ्चालन सम्पन्नभएको अन्तर्राष्ट्रिय अपाङ्गतादिवस डिसेम्बर ३ माबालबालिका केन्द्रीतएवम् सचेतनामूलकविभिन्नकार्यक्रमहरू नियमित सञ्चालन, तथा सरकारद्वारा गरिने कार्यक्रमहरूमा संस्थागत सहभागिता, हरेक वर्ष श्रीपञ्चमीकादिन सरस्वतीपूजाएवम् बालबालिकाहरूको प्रतिभामाआधारित सांस्कृतिककार्यक्रम, झाँकी, कलाप्रर्दशनीगर्दै आएको ।

*सहभागीता*

अष्ट्रेलियामाभएको विकासात्मकअपाङ्गता सम्बन्धीअन्तर्राष्ट्रिय सम्मेलनमा नेपालको प्रतिनिधित्वगर्दै अलिसान्यौपाने र आदेशराजकाफ्ले सहभागि, उक्त सम्मेलनमा ११ वर्षीया अटिजम भएकाबालकआदेश राजकाफ्लेबाट सफलताको कथा प्रस्तुत ( अगष्ट - २०१६), नेपाल सरकार शिक्षा, विज्ञान तथाप्रविधिमन्त्रालय, पाठ्यक्रमविकास केन्द्रको बौद्धिक अपाङ्गता र अटिजमको लागि पाठ्यक्रमनिर्माणमा संस्थागत सहभागिता, नेपाल सरकार शिक्षा, विज्ञान तथाप्रविधिमन्त्रालयजनशक्तिविकास केन्द्रको शिक्षक स्रोत पुस्तिकानिर्माणमा संस्थागत सहभागिता, अपाङ्गतातथा अटिजम सम्बन्धिनिति, निर्माणमा योगदानतथा राज्यसँग निरन्तर पैरवीभएको पाइयो ।

*सचेतना*

देशकाविभिन्न स्थानमाहालसम्म १७८ वटा अटिजम सचेतनाकार्यक्रम सम्पन्न, स्नातक र स्नाकोत्तर अध्ययनरत विद्यार्थी, अभिभावक, मुलधारका विद्यालयकाशिक्षक, स्कुलकाविद्यार्थी आदिकालागिमध्यनजर गर्दै ५५ वटा स्कुलतथाकलेजमा सचेतनातथाअभिमुखिकरण कार्यक्रम सम्पन्नगरेको पाईयो ।

*रोजगारी*

शिक्षा, स्वास्थ्य, थेरापी, सीपमूलकतालिमद्वारा जीवनमा सकरात्मक परिवर्तन भएपछि दुई जना अटिजम भएकाव्यक्तिलाई रोजगार प्रदानगरिएको पाईयो ।

*तालिम*

Disaster Risk Management Training-६० जना सहभागीTOTशिक्षातथा थेरापीः भुटानको गेलेफ स्कलकाप्रिन्सिपल र शिक्षकलगायत भटानकै अन्य स्कलका सात जनाशिक्षकलाई TOT on Special Need Education तालिमप्रदान (९ देखि १३ अप्रिल, २०१७), क्रिष्टलका गहनाबनाउने, फेब्रिक पेन्टिङ गर्ने र झोलाबनाउने आदितालिममाशिक्षक, अभिभावक र अटिजम भएकाकिशोरीहरू गरी २६० जना सहभागी,पुनर्स्थापना क्षेत्रमाकाम गर्ने युवाहरू लागिदुईवटा उत्प्रेणा कार्यक्रम सम्पन्न, जसमा १७२ जनाको सहभागितागराइएको ।

*प्रकाशन*

अटिजम सम्बन्धि स्रोत पुस्तकप्रकाशन : १००० प्रति, नेपाल सरकार शिक्षा, विज्ञान प्रविधिमन्त्रालय, शिक्षाविभागको सहयोगमा थेरापीपुस्तिकाप्रकाशनः १००० प्रति ।

*भौतिकपूर्वाधार*

चाँगुनारायण नगरपालिका -९, डाँडापाटी याकाडोल, भक्तपुरमा संस्थाको लागि०-८-४-०क्षेत्रफलभएको जग्गाखरिद गरिएको छ । उक्तजग्गामातीनतल्लाको भवनको पहिलो तल्लानिर्माण सम्पन्नभएको छ । साथै उक्तजग्गासँगसिमान जोडिएको जग्गा (१-२-०-० क्षेत्रफल) भाडामा लिई कक्षा कोठा तथा क्यान्टिन निर्माणाधिन छ । जसमा ५१ जनाबालबालिकाहरूलाई सेवादिने लक्ष्य रहेको छ । कागेश्वरी मनोहरा वडा नं. ८ गोठाटारमा २ रोपनीजमिनलिजमालिई भौतिकपुर्वाधार निर्माण गरी सेवा केन्द्र सञ्चालनगरिदै, जसमा ५१ जनाबालबालिकाहरूलाई सेवादिने लक्ष्य रहेको छ ।

अटिजम बच्चाहरुको सिकाईमाप्रक्रिया बढाउन संस्थाले गरेको उपलब्धीमा सेवा, कार्यक्रम सहभागिता, रोजगारी, तालिम, भौतिकपूर्वाधार जस्ता विषयहरुमा सुधार र उपलब्धीहरु गर्दै आइरहेको पाइयो ।

**अटिजम भएकाबालबालिकाहरुको सिकाई प्रक्रियामा देखिएका समस्याहरु र समाधानकाउपायहरु**

*सिकाइमा देखिएका समस्याहरु*

अटिजम बालबालिकाहरू एक विशेषक्षमताभएकाबालबालिकाहरू हुन् । उनीहरू सामान्यबालबालिका सरह सिक्न सक्दैनन् । उनीहरूलाई अध्ययनगर्दा विभिन्नकिसिमका समस्याहरू आईपर्न सक्छ । अटिजम विद्यार्थीहरुलाई अध्ययन गराउँदाकाक्रममाआई पर्ने समस्याहरू जस्तै : पाठ्यपुस्तक अटिजम मैत्रीनुहनु, शैक्षिक सामग्री धेरै बनाउनुपर्ने, शिक्षक धेरै चाहिने, केयर धेरै गर्नुपर्ने र पाठयोजना धेरै बनाउनुपर्ने रहेका छन् ।

माथिकातथ्यकाआधारमालक्षित समुहलाई अटिजम भएकाबालबालिकाहरूलाई कक्षाकोठामा शिक्षण गर्दा आउने समस्याहरू के -के हुनभनिप्रश्नगर्दा उक्तलक्षित समुहबाट प्राप्तभएकातथ्याङ्ककाआधारमाव्याख्यागर्दा पाठ्यपुस्तक अटिजम मैत्रीनभएकोले अटिजमलाई कक्षाकोठामा शिक्षण सिकाई गर्ने समस्याहरू देखापर्दछन् ।शैक्षिक सामग्री धेरै बनाउनुपर्ने, शिक्षक संख्या धेरै चाहिने र केयर धेरै गनुपर्ने भएकाले विभिन्नकिसिमका समस्याहरू आईपर्दछन् भन्ने निष्कर्ष पाइयो ।

नेपालको संविधान २०७२ को धारा ३९ लाई बालबालिकाको मौलिकहकभनी परिभाषितगरिएकाले शिक्षाबालबालिकाहरूको मौलिकअधिकार हो तर नेपालको सर्न्दभमा अटिजम भएकाबालबालिकाहरूलाई शिक्षाको सहजव्यवस्था छैन । यस अध्ययनमा अटिजम मैत्री पाठ्यपुस्तकनहुनु, शैक्षिक सामाग्री धेरै बनाउनुपर्ने, शिक्षक सङ्ख्या धेरै चाहिने, केयर धेरै गर्नुपर्ने समस्याहरू देखा परेको पाइयो ।

अटिजम बच्चाहरुलाई शिक्षण सिकाईको क्रममा भेटिएका समस्याहरुले गर्दा नेपालमा रहेका अटिजम विद्यार्थीहरुको जीवनशैलीमा धेरै बाधा, अवरोध परेको छ । नेपाल सरकारले नै अटिजम मैत्रीहुने पाठ्यपुस्तकको व्यवस्था गर्न सकेको छैन । शिक्षकलाई तालिमप्राप्तबनाएर, विभिन्न शैक्षिक सामाग्रीहरु तयार पारेर कक्षकोठामा शिक्षण वा हेरचाह गर्न सकेमाबालबालिकाहरुको व्यवहारमा सुधार आउने कुरा यस तथ्यबाट पाइन्छ ।

यस तथ्याङ्कको निष्कर्षलाई विश्लेषण गर्दा अटिजम बालबालिकाहरूलाई कक्षाकोठामा शिक्षण गराउन धेरै जसो उत्तरदाताकाअनुसार, अटिजम मैत्रीवातावरण नहुने, नियमितउपचार तथा थेरापीनहुने हुदाबालबालिकाहरूमा समस्या देखा परेको पाइयो । माथितोकिएको विधिहरु कार्यान्वयन गर्न सकेमा अटिजम बच्चालाई पनि सामान्यव्यक्तिकै ठाउँमा ल्याउन सकिने निष्कर्ष भेटियो ।

*सिकाईमा देखापरेकासमस्या समाधानकाउपायहरु*

अटिजम भएका धेरै व्यक्तिहरू घरभित्रबाधेर, थुनेर राख्ने गरेको भेटिन्छ । उनीहरूको जीवन सहजबनाउनशिक्षा, थेरापीहरू तथातालिमको व्यवस्था छ भन्ने कुरा

समेत धेरै अभिभावकहरू थाहा नै छैन । जनचेतनाको अभावका कारण अभिभावकलाई आफ्ना छोराछोरीको समस्याको बारेमाजानकारी नहुदाभ्रमन समस्याथपिदो छ । अटिजम भएकाव्यक्तिहरूमा देखिने फरक खालका समस्याचुनौतीहरूको पहिचान गरी उनीहरूको अवस्था अनुरूपको शिक्षा, थेरापी, तालिमआदिदिई समाजमापुनस्थापना गर्नसके हरेक अभिभावकतथा सरोकारवालालाई सहयोग पुग्ने कुरालाई ध्यानमा राखीSSDRC को परिकल्पना गरी स्थापनागरिएको पाईयो । अटिजम बच्चामासिकाई समस्या समाधान कसरी गर्न सकिन्छ भनिशिक्षक र प्र.अ लाई प्रश्नसोधिएकोमा उनीहरूबाट आएको जवाफनिम्नपाइयो । जस्तै : अटिजममैत्रीकक्षाकोठाको व्यवस्था, स्वास्थ्य परिक्षण, थेरापी सेवाहरू, परामर्श अभिभावकलाई, सिपमूलकतालिम, खेल, विधि रहेको पाइयो ।

अटिजम भएकाव्यक्तिलाई सिकाईका क्रममा देखा परेका समस्याहरुमाविभिन्नउपायहरु अपनाउन सकेमा समस्याको समाधानहुने कुरा विभिन्नशास्त्रीहरुको सिद्धान्तले भनेको छ । तसर्थ यस संस्थाका सम्बन्धित सरोकारवालाव्यक्तिहरुले दिएको जवाफअनुसार र सिद्धान्त आपसमा मेल खानगएको छ । हरेक रोगीहरुको सफलउपचार र समाधान गर्न सकने माथिकातथ्यले जनाउँदछ ।

तामाङ (२०७९) अनुसार अटिजम भएकाबालिबालिकाहरू शिक्षा र स्वास्थ्य सेवाबाट वञ्चितभइरहेको अवस्था छ । अटिजम सचेतनाकार्यक्रम सञ्चालनगर्दै, परामर्श लिई, उनीहरूको समस्या र चुनौतीको पहिचानगर्दै सो अनुसारको शिक्षा, स्वास्थ, थेरापी सेवादिनआवश्यक छ । उत्तरदाताकाअनुसार अटिजम बालबालिकाको व्यवहार सुर्धान हौसलादिने, मनपर्ने क्रियाकपलापगरिदिने, थेरापीसेवा, अभिभावकतालिम, स्वास्थ्य परिक्षण, कक्षाव्यवस्थापन गर्ने सकियो भने सिकाइमा देखिएका समस्याहरूको समाधान गर्न सकिन्छ भन्ने निष्कर्ष पाइयो ।

### *समस्या सुधार गर्न बनाइएका योजनाहरू*

अटिजम भएकाबालबालिकाहरूले सामना गरेको कठिनाईहरूलाई सुधार गर्न एउटा व्यावस्थित योजनाबनाउनुपर्दछ । कुनै पनि समस्यालाई समाधान गर्न उपयुक्त

योजनाको आवश्यक पर्दछ। अटिजम भएकाबालबालिकाहरूको दैनिककार्य जस्तै आफ्नो स्याहार सुसार आफै गर्न सक्ने, साधारण लेखपढ गर्ने र सीपमुलक तालिमबाट आत्मनिर्भर कसरी बनाउन सकिन्छ भनेर योजनाबनाई सुधारको बाटो खोज्नुपर्दछ। त्यसैले यस अध्ययनकालागि छनोट गरिएकाशिक्षक प्र.अ अभिभावकलाई अटिजम बच्चाको अवस्था सुधार गर्न के-के योजनाहरू तयार पार्नुपर्दछ भनी सोधिएको प्रश्नमाआएकाजवाफहरु जस्तै : भै रहेको कामलाई व्यवस्थितबनाउने, सेवालाई निरन्तरतादिने, थेरापीको डिपार्टमेन्ट थप्ने, जनचेतनाकार्यक्रम सञ्चालन गर्ने आदी योजनाहरु बनाई व्धियालयमाकार्यान्वयन गर्न सकेमा अटिजम बालबालिकाहरुमाभएको समस्या समाधान गर्न सकिन्छ भन्ने कुरा यस तथ्यहरुले बुझाउँदछ।

विशेषशिक्षानीति (२०५३) ले अटिजम भएकाबालबालिकालाई आवास सहितविभिन्न सुविधाहरू दिने कुरा उल्लेख गरेका हुन्। विद्यालयमा अटिजम भएकाबालबालिकालागिउपयुक्तशिक्षार स्वास्थ्य, थेरापी सेवाउपलब्ध गराउन सकेमा अटिजम बालबालिकाले सामना गरेका कठिनाईलाई व्यवस्थापन र सुधार गर्न सकिन्छ।

नेपालको विभिन्ननितिनियमहरुमा अटिजम बच्चाको निम्ती धेरै सेवा सविधासँगै भावनी योजनाहरु बनाएर अगाडी बढिरहेको छन्। अटिजम विद्यालयमाबालबालिकाहरु धेरै समस्याहरुबाट पिल्सीरहेका छन्। तसर्थ अटिजम बच्चाहरुलाई शिक्षण गर्दा उपयुक्त शिक्षण प्रविधि, कक्षाकोठा, पाठ्यपुस्तक अटिजम मैत्रीपूर्ण बनाउनआवश्यक देखिन्छ।

# एकाईपाँच

# निष्कर्ष र सुझाव

## निष्कर्ष

यस अध्ययनको छनोटमा परेका विद्यालयमाअध्ययनरत अटिजम भएकाबालबालिकाहरूले सामना गरेका कठिनाईहरूको बारेमाअध्ययन गर्ने उद्देश्यले शिक्षक, प्र.अ, अभिभावक, वि.व्य.स.लाई प्रत्येक्ष अन्तरवार्ताद्वारा तथ्याङ्क सङ्कलनगरिएको थियो । यसरी प्रत्यक्षअन्तरवार्ताबाट प्राप्तगरिएका सङ्कलित सुचनाहरूलाई चित्र र तालिकाद्वारा प्रष्ट पार्न खोजिएको छ ।

नेपालका अटिजम विद्यालयमाअध्ययन गर्ने बालबालिकाहरू अन्यविद्यालयको तुलनामा धेरै समस्याहरूबाट पिल्सिरहेका हुन् । जसले गर्दा विद्यालयको आर्थिक भौतिकतथा शैक्षिकपक्षमाआफ्नै समस्या रहेका हुनभन्नै अटिजम बालबालिकाहरूको कठिनाईलाई समाधान गर्ने समस्या रहेको छ । अटिजम बच्चालाई समाज र अन्यविद्यार्थीले हेर्ने दृष्टिकोण भनाइ र गराईमा फरक रहेको देखिन्छ । अटिजम विद्यार्थीका लागिउपयुक्त शिक्षण प्रविधिनहुनु तथाकक्षाकोठा र पाठ्यपुस्तक दृष्टिविहिनमैत्रीनहुनु पनि सस्या रहेको देखिन्छ । अटिजम बच्चाहरूलाई कक्षामा हेरचाह र शिक्षण गर्दा विभिन्नकिसिमका समस्याहरू आईपर्दछन् ।

यस अटिजम केन्द्रले स्थापनाकालदेखि हालसम्म ३०० जनाबालबालिकाहरूलाई सेवाप्रदानगरिसकेको पाइयो । यस विद्यालयमाफिजियो थेरापी, अकुपेशनल थेरापी, स्पिच थेरापी, नृत्य थेरापीआदि सेवादिदै आएको जानकारी पायौ । यहाँवर्षे पिच्छे अटिजम बच्चाहरू थपिदै गएको जानकारी पायौ । यस विद्यालयले अन्तर्राष्ट्रियअपाङ्गतादिवस् डिसेम्बर ३ माबालबालिका केन्द्रितएवम सचेतनामुलकविभिन्नकार्यक्रमहरू नियमित सञ्चालन, विश्व अटिजम सचेतनादिवस २ अप्रिलको औपचारिक कार्यक्रमगर्दै आएको पाइयो । अझै यस क्षेत्रलाई व्यावस्थित र प्रभावकारी बनाउनविद्यार्थीको सहभागिता बढाउन शिक्षक, समाजकावृद्धिजीवी,

सरोकारवाला, अभिभावकले आ-आफ्नो ठाउँबाट विशेष पहलको खाचो आवश्यक परेको निष्कर्ष निकाल्न सकिन्छ ।

## सुझावहरू

यस अध्ययनबाट प्राप्तनिष्कर्षको आधारमा समस्याको व्याख्या र विश्लेषण गरिसकेपछि अटिजम भएकाबालबालिकाहरूले सामना गरेका कठिनाईहरूलाई सुधार र व्यावस्थापन गर्ने सर्वप्रथमशिक्षकलगायत सम्पूर्ण सरोकारवाला सचेत हुन जरूरी छ । अटिजम बच्चाहरूलाई पनिअवसर सुविधाउपलब्ध गराउन सके उनीहरूपनिआत्मनिर्भर भई जीवननिर्वाह गर्न सक्नेछन् । यस अध्ययनबाट अटिजम बालबालिकाहरूले सामना गरेका कठिनाईहरूको समस्या समाधान गर्ने निम्नालिखित सुझावहरू प्रस्तुतगरिएको छ ।

### *नीतिगततह*

शिक्षामन्त्रालयले अटिजम विद्यालयमातालिमप्राप्तशिक्षकको व्यावस्था र विभिन्न थेरापी सेवाहरूको व्यवस्थापन गरी कक्षाकोठा अटिजम मैत्रीबनाउनु पर्ने नीतिहुनुपर्दछ । अटिजम विद्यार्थीहरू प्रतिशिक्षक, वि.व्य.स. र अभिभावकको व्यावहारसम्बन्धीविद्यालयप्रशासनले आचार संहिताबनाई लागु गननीतिआवश्यक छ । शिक्षामन्त्रालयले शैक्षिकनितितर्जुमागर्दा अटिजम बालबालिकाहरूकालागिविशेष सुविधा सहित, निःशुल्क छात्राबास, खाना, कपडा शैक्षिक सामग्री, स्वास्थ्य सेवातथा सुविधाको नीतिगतव्यवस्था गर्नुपर्छ । विद्यालयले अटिजम सम्बन्धीविशेष नीतिव्यवस्था गर्नुपर्दछ । विद्यालयले भौतिक संरचनानिर्माण गर्दा अटिजम मैत्रीबनाउनु पर्ने नीतिगतव्यवस्थाशिक्षामन्त्रालयले गर्नुपर्ने हुन्छ ।

### *कार्यान्वयनतह*

अटिजम बालबालिकाहरूको कठिनाईलाई सुधार गराउनु र सिकाइप्रक्रियाअवस्था सुधार्नु एक जटिल कार्य हो । सामान्यमानिस सरह अटिजमको व्यवहारहरू सक्षमहुदैन । अभ्यासगततहमा रहेर निम्नअनुसार सुझावहरू प्रस्तुत गर्न सकिन्छ ।

विद्यालयमा अटिजम बच्चाको व्यवहार सुधार गर्न विभिन्नतालिम थेरापील्याई त्यसको कार्यान्वयनपक्षप्रभावकारी बनाउनु पर्ने देखिन्छ । जनचेतनामुलककार्यक्रम सञ्चालनगरिनुपर्छ । विद्यालय अटिजम मैत्रीपूर्ण बनाउनुपर्छ । शिक्षाकार्यलय, सम्बन्धितविद्यालय र अभिभावकको समन्वयमा अटिजमको व्यवहार सुधार गर्ने उपायहरूमा सक्रिय बनाउनुपर्छ ।

*अनुसन्धानतह*

अटिजमहरूको शैक्षिकपक्षमा धेरै अनुसन्धानहरू नभएकाले यस तर्फ अझअध्ययन अनुसन्धान गर्नुपर्ने देखिन्छ । अटिजम विद्यालयलाई विभिन्न क्षेत्रमा सहयोगको लागि स्थानिय सरकारलाई माग गर्नुपर्ने देखियो । विद्यालयमा अटिजम बालबालिकाहरूको लागिआर्थिक सहयोग नैतिक सहयोग आदिविभिन्न संघ संस्था र सरकार सँग समन्वय गर्नुपर्ने । अटिजमको लागिउपयुक्त  शिक्षण प्रविधि, पाठ्यपुस्तक, शैक्षिक सामाग्रीआदिनिर्माण गर्दा अटिजम मैत्रीबनाउनुपर्दछ जस्ता विषयलाई अनुसन्धानकालागि सुझावहरु प्रस्तुतगरिएको छ ।

## सन्दर्भ सामाग्री

अर्थ मन्त्रालय (२०७५), *आर्थिक सर्वेक्षण २०७५/७६,*काठमाडौं : लेखक ।

अपाङ्गगमहिला संघ (२०७७), *नेपाल लैङ्गिकमैत्रीअभियान,* कालोपुलमार्ग काठमाडौंः अपाङ्गगमहिला संघ ।

उप्रेती, सविना (२०७७), *नेपालवाच,*विशेष स्कुलतथापुनस्थापना केन्द्र काठमाडौं : लेखक ।

कानुनकितावव्यवस्था समिती (२०७२), *नेपालको संविधान २०७२.* कानुनकितावव्यवस्था समिती ।

केन्द्रीयतथ्याङ्ककविभाग (२०६९), *नेपालजीवन स्थर सर्वेक्षण रिपोर्ट,* थापाथलीःकेन्द्रीयतथ्याङ्ककविभाग, काठमान्डौं ।

खनाल, गणेश प्रसाद (२०७३), *विशेष आवश्यकता र समावेशीशिक्षाकाआधारहरू,* काठमाडौं : लेखक ।

गौतम, दिनेश (२०७६), *नागरिक दैनिक,* काठमाडौं : अन्नपूर्ण पोष्ट ।

चम्लागाई, माधव (२०७६), अटिजम भएकाहरू विलक्षण पनि हुन्छन्, *अनलाईन खबर,*काठमाडौं : लेखक ।

नेपालकानुनआयोग (२०५३), *विशेष शिक्षानीति,*काठमाडौं : लेखक ।

नेपाल सरकार (२०७५), *शिक्षा ऐन २०२८ नवौ संसोधन,* काठमाडौं : कानुनीकितावव्यवस्थापन समिति ।

नेपाल सरकार (२०७६), *राष्ट्रिय शिक्षानिति,* शिक्षा विज्ञान तथाप्रविधिमन्त्रालय सिंहदरबार, काठमाडौं ।

नेपाल सरकार (२०६९), *बालवालिका सम्बन्धी राष्ट्रिय नीति,* बालबालिकातथा समाज कल्याण मन्त्रालय, सिंहदरवार काठमाडौं : लेखक ।

नेपाल डिजिटल पत्रिका (२०७७), *सेतोपाटी,*काठमाडौं : लेखक ।

पाठ्यक्रमविकास केन्द्र (२०६३), *नेपालमाविद्यालयशिक्षाकालागि राष्ट्रिय पाठ्यक्रमप्रारूप,* भक्तपुर : लेखक ।

प्रजापति, रामकाजी (२०७५), *के हो अटिजम यीहुन सक्छन् आयुर्वेदिकउपचार पद्धति,* नागरिक दैनिककाठमाडौं : लेखक ।

मलेकु, सुनिताआमात्य (२०७५), *बालवालिका डराउदैनन् ?होसियार ! अटिजम हुन सक्छ,* शिलापत्रकाठमाडौं : लेखक ।

राष्ट्रिय अपाङ्गमहासङ्घ नेपाल (२०७३), *अपाङ्गगता मैत्री सञ्चालननिर्देशिका,* काठमाडौंः रूपान्तरण पत्रिका ।

राष्ट्रिय अपाङ्गमहासंघ (२०६९), *नेपालअपाङ्ग सर्वेक्षण रिपोर्ट,* काठमान्डौंः लेखक ।

राष्ट्रिय अपाङ्गमहासंघ (२०६९), *राष्ट्रिय अपाङ्गमहासंघ नेपालकागतिविधि,* काठमाडौं : लेखक ।

राष्ट्रिय योजनाआयोग (२०७६), *पन्ध्रौं योजना २०७६/७७-२०८०/८१,*काठमाडौं : लेखक ।

शिक्षातथा विज्ञान प्रविधिमन्त्रालय (२०५९), *शिक्षानियमावली,*काठमाडौं : लेखक ।

शिक्षामन्त्रालय (२०२८), *राष्ट्रिय शिक्षा योजनाआयोग,* काठमाडौं : लेखक ।

## अनुसुची १

## अटिजम बालवालिकाहरूकोसिकाई प्रक्रिया

अभिभावककालागिसोधिएको अन्तरवार्ता

नामः-                                        शैक्षिक योग्यताः-

ठेगानाः-                                        पेशाः-

१.तपाईको बच्चामाकतिवर्षको समयमा अटिजमको लक्षण देखापर्‍यो?

..............................................................................................

२. तपाईको बच्चामा अटिजम भएको कसरी थाहापाउनु भयो?

..............................................................................................

३. बच्चामा अटिजमको समस्याआईसकेपछि समय सँगै बढेर गयो वा सुरुकै अवस्थामा छ?

..............................................................................................

४. तपाईको बच्चाको अवस्थालाई सुधार गर्न के-के गर्नुभएको छ?

..............................................................................................

५.यदिबच्चालाई अस्पताल लानु भएको छ भने डाक्टरले के-के सल्लाहदिनुभएको छ?

..............................................................................................

६.तपाईको बच्चामा के-के समस्याहरूपाउनु भएको छ?

..............................................................................................

७. बच्चालाई अटिजमको समस्याहुँदाहुदै विद्यालयमा पढाउनुपर्छ भन्ने कुरा कहाँबाट थाहापाउनु भयो?

..............................................................................................

८. विद्यालयमाबच्चालाई भर्ना गरिसकेपछि बच्चाकाके के-के पक्षमा सुधार आएको छ?

..........................................................................................

९. तपाईको बच्चामाभएको सबैभन्दा ठुलो समस्या के हो?

.....................................................................................

१०.बच्चाको समस्यालाई कम गर्न के सहयोग गर्नुभएको छ?

..........................................................................................

११. तपाईको बच्चालाई समाजले हेर्ने दृष्ट्रिकोण कस्तो छ?

.............................................................................................

१२. परिवारबाट बच्चालाई भेदभाव गर्नुहुन्छ?

.......................................................................................

१३. बच्चाको लागि विद्यालयबाट के-के सुविधापाउनु भएको छ?

..................................................................................

१४. तपाईको बच्चाको लागिविद्यालयले थप के गरिदिएहुन्थ्यो जस्तो लाग्छ?

......................................................................................

१५. हालको सरकारले बच्चाको लागिकुनै सेवादिएको छ?

...................................................................................

१६. तपाईको बच्चालाई हेरचाह गर्न समस्या छ?

.........................................................................................

१७. तपाईको बच्चालाई दैनिकरूपमा के-के कामहरू गराउन सक्नुहुन्छ?

..............................................................................................

१८. बच्चालाई काम गराउदा के-के उपायहरूअपनाउनु भएको छ?

.......................................................................................

१९. तपाईको बच्चाले व्यक्तिगतकामहरू गर्न सक्छ?

.............................................................................................................

२०.बच्चाको व्यवहार सुधार गराउन के-के उपायहरूखोजी गर्नु भएको छ?

...................................................................................................................

.

# अनुसुची २

## अटिजम बालवालिकाहरूको सिकाई प्रक्रिया

प्र.अ. का लागिप्रश्नवली

नामः-　　　　　　　　　　　　　　　　　　शैक्षिक योग्यताः-

विद्यालयः-　　　　　　　　　　　　　　　　मितिः-

१.अटिजम विद्यालय सञ्चालन गर्नुको उद्देश्य के हो?

..........................................................................................

२. शिक्षण पेशामा आवद्ध हुनु भएको कतिभयो?

..........................................................................................

३. प्र.अ. पद सम्हाल्नु भएको कतिबर्ष भयो?

..........................................................................................

४. अटिजम भएकाबालवालिकाको अवस्थालाई कसरी पहिचानगरि विद्यालयमाभर्ना गराउनु हुन्छ?

..........................................................................................

५.बालवालिकाको अवस्थाअनुसारको कक्षामा शिक्षण सिकाई गराउनु भएको छ की छैन?

..........................................................................................

६.अटिजम बालवालिकाहरूले भोगेका समस्याहरूलाई समाधान गर्न के-के विद्यालयको तर्फबाट भूमिका खेल्नुभएको छ?

..........................................................................................

७.अटिजम बालवालिकाहरूमा धेरै जसो कुनपक्षमा समस्यापाउनु भएको छ ?

.................................................................................................

८.विधालयमा आवद्ध शिक्षकहरूतालिमप्राप्त छ कि छैन?

.......................................................................................................

९.यस विद्यालयले दिएको वा सुविधाहरूबाट अभिभावकहरू सन्तुष्टी छन्?

.................................................................................................

१०. अटिजम बालवालिकाको लागि के कस्ता कार्यक्रमहरू सञ्चालन गर्नुभएको छ?

.......................................................................................................

११. विद्यालयको आय स्रोतत के हो?

................................................................................................

१२. विद्यालयको सम्पूर्ण पक्ष सुधारको निम्तीवि.व्य.स. ले खेलेको भूमिकाहरू के-के छन्?

............................................................................................ ............

१३. अभिभावकहरूआफ्नो बच्चाको अवस्थालाई मध्यनजर गर्दै विद्यालयको निम्ती गरेको योगदान के हो?

............................................................................................................

१४. समाजमा रहेका सबै अटिजम बच्चाहरूविद्यालयमाभर्ना भएको छ?

...................................................................................................... ..

१५. हालको स्थानिय सरकारले अटिजम बालवालिकाको लागि पुऱ्याएको योगदान के छ?

..........................................................................................................

१६. विद्यालयले बालवालिकाको लागि के-के गरेका छन्?

.......................................................................................................

१७. अटिजम बालवालिकाहरूलाई शिक्षण गराउनमा समस्या छ की छैन?

.......................................................................................................

१८. अटिजम बालवालिकाहरूलाई हेरचाहगर्दा आई परेका समस्याहरू  के-के छन्?

.......................................................................................................

१९. अटिजम बच्चाहरूलाई हेरचाह गर्न विद्यालयले अपनाएको उपायहरू के-के छन्?

.......................................................................................................

२०.विद्यालयमा अटिजम बच्चाको अवस्थालाई पहिचान गर्न स्वास्थ्यकर्मीहरूल्याउनु भएको छ?

.......................................................................................................

## अनुसुची३

## अटिजम बालवालिकाहरूको सिकाई प्रक्रिया

वि.व्य.स.अध्यक्षकालागिप्रश्नवली

नामः-　　　　　　　　　　　　　　योग्यताः-

विद्यालयको नामः-　　　　　　　　　　मितिः-

१. अटिजम बालवालिकाको लागि के-के सुविधाविद्यालयमाउपलब्ध गराउनु भएको छ?

......................................................................................................

२. बर्षमाकतिजना अटिजम विद्यार्थी भर्ना हुन आउछन्?

......................................................................................................

३.अटिजम विद्यालय सञ्चालन गर्न के-के कार्यक्रमहरू सञ्चालन गर्नु भएको छ?

......................................................................................................

४. बालवालिकाको अवस्थालाई पहिचान गर्न विद्यालयमामहिनामाकति पटक आउनु हुन्छ?

......................................................................................................

५. वि. व्या.स. को बैठक कति-कति समयमा बस्नुहुन्छ?

......................................................................................................

६ अटिजम बालवालिकाहरूले भोगेका समस्याबारे खोजी गर्नु भएको छ?

......................................................................................................

७. शिक्षकहरूलाई तलब कसरी खुवाउनु भएको छ?

......................................................................................................

८.विद्यार्थीहरूबाट शुल्कलिने गर्नुभएको छ?

……………………………………………………………………………………………

९. तपाईको विचारमा अटिजम बालवालिकालाई शिक्षण गराउदाआउने समस्या के हो?

……………………………………………………………………….. .

१०.बालवालिकाको शिक्षण सिकाईको लागि बेलावेलामा स्रोत शिक्षकको कक्षाअवलोकन गर्नु भएको छ?

………………………………………………………………………………… ….

११. वि. व्या. स. ले अटिजम बालवालिको निम्ति गरेको असलकाम के छ?

…………………………………………………………………………………………………..

१२. अभिभावकहरूलाई विद्यालयको गतिविधिबारे जानकारी गराउनु भएको छ?

………………………………………………………………………………… .

१३. अभिभावकले विद्यालयलाई के सहयोग गरेको छन्?

……………………………………………………………………………………

१४. विद्यालयको सेवावाट समाजकामानिसहरू सन्तुष्टि छन्?

……………………………………………………………………………… …

१५. विद्यालयको मुख्यआयस्रोत के हो?

………………………………………………………………………….…… .

१६. बालवालिकाहरूको हेरचाहको लागि के-के प्रयास गर्नुभएको छ?

……………………………………………………………………………………… .

१७. अटिजम बच्चालाई सुधार गर्न सक्ने उपायहरूखोजी गर्नु भएको छ?

........................................................................................................ .

१८. अटिजम बच्चाको अभिभावकलाई के-के सल्लाहदिने गर्नुभएको छ?

...........................................................................

१९. आगामीदिनमा अटिजम बच्चाको लागि के-के गर्ने योजना छन्?

..................................................................................................

२०. स्थानिय सरकारलाई यस विद्यालयको लागि के-के पक्षमा सहयोग माग्नु भएको छ?

..............................................................................................

# अनुसुची४

## अटिजम बालवालिकाहरूको सिकाई प्रक्रिया

अवलोकन फारम

| क्रस | विवरण | उत्तम | मध्यम | न्यून |
|---|---|---|---|---|
| १ | विद्यालयभवन | | | |
| २ | विद्यालय घेरावारा | | | |
| ३ | कक्षाकोठाको आकार | | | |
| ४ | कक्षाकोठा व्यवस्थापन | | | |
| ५ | विद्यार्थीको बसाई | | | |
| ६ | डेक्स बेन्च | | | |
| ७ | सेतोपाटी रखाई | | | |
| ८ | शैक्षिक सामाग्री | | | |
| ९ | खेल्ने चउर | | | |
| १० | ट्वाईलेट/शौचालय | | | |
| ११ | खानेपानी | | | |
| १२ | खाजाघर | | | |
| १३ | पुस्तकालय | | | |
| १४ | शिक्षकरुको सक्रियता | | | |
| १५ | विद्यार्थीहरूको सक्रियता | | | |
| १६ | विद्यार्थीलाई सिकाई गराउने विधि | | | |
| १७ | विद्यालयमाप्राथमिकउपचार | | | |
| १८ | विद्यालयको आम्दानी | | | |